# नेपाल धितोपत्र बोर्ड

# आर्थिक वर्ष २०७२।७३ को वार्षिक प्रतिवेदन

२०७३ कार्तिक

# नेपाल धितोपत्र बोर्ड

# आर्थिक वर्ष २०७२।७३ को वार्षिक प्रतिवेदन

२०७३ कार्तिक

# नेपाल धितोपत्र बोर्ड
## सञ्चालक बोर्ड



**डा. रेवत बहादुर कार्की**
अध्यक्ष
नेपाल धितोपत्र बोर्ड



**श्री आनन्दराज ढकाल**
सदस्य
सह-सचिव
नेपाल सरकार
अर्थ मन्त्रालय



**श्री डिल्लीराज घिमिरे**
सदस्य
सह-सचिव
नेपाल सरकार
कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय



**श्री नर बहादुर थापा**
सदस्य
कार्यकारी निर्देशक
नेपाल राष्ट्र बैंक



**श्री प्रकाश जंग थापा**
सदस्य
उपाध्यक्ष
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था



**श्री दिनेश श्रेष्ठ**
सदस्य
उपाध्यक्ष
नेपाल उद्योग बाणिज्य महासंघ



**श्री निल बहादुर सारु मगर**
विज्ञ सदस्य

# नेपाल धितोपत्र बोर्ड
## व्यवस्थापन समूह



**डा. रेवत बहादुर कार्की**
अध्यक्ष



**परीष्ट नाथ पौड्याल**
कार्यकारी निर्देशक



**निरज गिरी**
कार्यकारी निर्देशक



**मुक्तिनाथ श्रेष्ठ**
निर्देशक



**विनयदेव आचार्य**
निर्देशक



**डा. नवराज अधिकारी**
निर्देशक



**कृष्ण राज पोखरेल**
निर्देशक

# नेपाल धितोपत्र बोर्ड

## अध्यक्षको मन्तव्य

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २६ मा भएको व्यवस्था अनुसार आर्थिक वर्ष २०७२।७३ को नेपाल धितोपत्र बोर्डको वार्षिक प्रतिवेदन प्रस्तुत एवं प्रकाशन गरिएको छ। यस वार्षिक प्रतिवेदनमा विश्व तथा नेपालको आर्थिक स्थिति तथा धितोपत्र बजारको अवस्था र धितोपत्र व्यवसायी तथा सूचिकृत संगठित संस्थाहरुको गतिविधिहरु, धितोपत्र बजार विकास तथा सुधारका पहल तथा चुनौतीहरुका साथै बोर्डबाट आर्थिक वर्ष २०७२।७३ मा भए गरेका कामकारवाहीहरुको समीक्षा गरिएको छ।

२०७२ वैशाख महिनामा गएको विनाशकारी भूकम्पको असरबाट आर्थिक वर्ष २०७२।७३ मुक्त हुन सकेको छैन। त्यस्तै आर्थिक वर्ष २०७२।७३ मा भएको सीमा नाका अवरोध तथा आपूर्ति व्यवस्थामा आएको असहजताका कारण आर्थिक गतिविधि संकुचित भई समग्र आर्थिक स्थिति खासै अनुकूल रहन सकेन। आर्थिक गतिविधिमा बढोत्तरी नहुनु, पुँजीगत खर्च संकुचित हुनु एवं निजी क्षेत्रको पुँजी परिचालनमा कमी आउनु जस्ता प्रतिकूल कारणले अर्थतन्त्र अपेक्षित रुपमा विस्तार हुन नसकी समीक्षा वर्षमा मुलुकको समग्र आर्थिक वृद्धिदर न्यून रहन गएको हो। देशको अर्थतन्त्रको प्रतिकूल अवस्थाको बावजुत धितोपत्रको प्राथमिक तथा दोस्रो बजारमा बोर्डले धेरै सुधारका पहलहरु गरेकोले सर्वसाधारणको सहभागितामा उत्साहजनक बृद्धि भई समग्र धितोपत्र बजारमा सकारात्मक प्रभाव परेको देखिन्छ।

२०७२ माघबाट दोस्रो बजारको कारोबारलाई पूर्णरुपमा अभौतिकृत गर्ने, लगानीकर्ताहरूले बजारको गहिराई हेर्न पाउने, सरोकारवालासँग छलफल तथा अन्र्तकृया गरी प्राप्त उपयुक्त सुझावको आधारमा धितोपत्र बजार सुधार तथा विकास गर्ने, लगानीकर्ताको यथार्थपरक गुनासाहरूको हटलाइन मार्फत सुनुवाई गर्ने सहितका धेरै सुधारको व्यवस्था बोर्डको अग्रसरतामा आर्थिक वर्ष २०७२।७३ मा भएका छन्। यससँगै २०७२ माघबाट दोस्रो बजार आधुनिकीकरणको चरणमा प्रवेश गरेको छ। अर्थतन्त्रमा लगानीको अन्य उपयुक्त विकल्पहरू उपलब्ध नभएको, वित्तीय बजारमा उच्च तरलता भई बैंक व्याजदर न्यून रहेको, बैंक तथा वित्तीय संस्थाहरूको पुँजी वृद्धि योजना सार्वजनिक भएको जस्ता कारणहरूले पनि प्राथमिक तथा दोस्रो बजारमा सर्वसाधारणको सहभागितामा उत्साहजनक वृद्धि भई समग्र धितोपत्र बजार विस्तार भएको देखिन्छ। दोस्रो बजारलाई स्थायित्व प्रदान गर्न संस्थागत लगानीकर्ताको रुपमा रहेको नागरिक लगानी कोषलाई बजार निर्माता/धितोपत्र डिलरको रुपमा दोस्रो बजारमा प्रवेश गराउने सन्दर्भमा प्राविधिक पक्षको अध्ययनबाट प्राप्त भएको प्रतिवेदनको आधारमा कार्य समेत अगाडी बढेको छ।

अन्तर्राष्ट्रिय धितोपत्र बजारको मूल प्रवाहमा प्रवेश गर्ने क्रममा समीक्षा वर्षमा बोर्डले धितोपत्र नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (International Organisation of Securities Commissions, IOSCO) को एशोसियट सदस्यता प्राप्त गर्न पहल गरी जुलाई २०१६ मा यसको सदस्यता प्राप्त गरेको छ। बोर्डको समन्वय एवं सकृयतामा जुन २०१६ मा सिडिएस एण्ड क्लियरिङ लि. Association of National Numbering Agencies (ANNA) को ९२ औं सदस्य भएको छ। बोर्डले नेप्सेमा सूचिकृत नभएका पब्लिक कम्पनीहरुको धितोपत्रको खरिद विक्री ओटिसी बजारमा गर्न सकिने जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयमा दिनुको साथै बोर्डले नेप्सेलाई ओटिसी बजार व्यवस्थित गर्न निर्देशित गरी कारोबार शुल्कमा समेत उल्लेखनीय कटौती गरेका कारण ओटिसी बजार प्रभावकारी भई कारोबारमा उल्लेख्य वृद्धि आएको छ।

बोर्डले नियमन क्षमता अभिवृद्धि गरी बजारको बढ्दो चुनौती एवं नियमन जिम्मेवारी प्रभावकारी रुपमा पूरा गर्न सहायक तहदेखि उच्च तहसम्म आवश्यक जनशक्तिको पूर्ति गरेको छ । बोर्डले नेप्सेको बजार अनुगमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउन, केन्द्रीय निक्षेप सेवा देशव्यापी बनाउन, धितोपत्र व्यावसायी सेवामा सुधार ल्याउन, लगानीकर्ताहरुको बजार तथा सेवामा पहुँच बढाउन, सेवा सम्बन्धी बडापत्र लगायतका व्यवस्थाहरु गर्न, सार्वजनिक निष्काशनका क्रममा फिर्ता भुक्तानी गर्नुपर्ने रकम आवेदकर्कै बैंक खातामा जम्मा हुने व्यवस्था गर्न र सूचीकृत कम्पनीहरुलाई नगद लाभांश सेयरधनीको बैंक खातामा जम्मा गर्न, बोनस तथा हकप्रद सेयर लगानीकर्ताको डिम्याट खातामा जम्मा गर्न, हकप्रद सेयरको निष्काशन तथा बोलकबोल व्यवस्थालाई स्वच्छ, पारदर्शी बनाउन तथा लगानीकर्ताहरुलाई यस सम्बन्धमा यथार्थ एवं बढी जानकारी दिन विभिन्न निर्देशनहरु दिएकोमा बोर्डको निर्देशन अनुसार उल्लेखित कार्यहरु सम्पन्न भएका छन् ।

बोर्डले नेप्सेलाई क्लियरिङ बैंक थप गर्न, कारोवार सफ्टवेयरमा यथाशीघ्र सुधार गर्न र लिलामी (Auction) बजारको व्यवस्था गर्न, सिडिएस एण्ड क्यिरिङ्ग लि.लाई भुक्तानी सुनिश्चित कोष (Settlement Guarantee Fund) स्थापना गर्न निर्देशन दिई बजार सुधार गर्न अग्रसर भएको छ ।

समीक्षा वर्षमा पुँजी बजारलाई देशको आर्थिक विकासको महत्वपूर्ण संयन्त्रको रुपमा विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बचत तथा लगानीलाई आकर्षित गर्न आधुनिक र विश्वसनीय पुँजीबजारको विकास गरिने कुरा सरकारको नीति तथा कार्यक्रममा समावेश गरिनु र आर्थिक वर्ष २०७३।७४ को बजेट बक्तव्यमा पुँजी बजारको विकास तथा विस्तारको लागि विचाराधीन कमोडिटी बजारसम्बन्धी विधेयक व्यवस्थापिका संसद्मा प्रस्तुत गरिने, पुँजी बजारमा उत्पादनमूलक कम्पनीहरुलाई सूचीकृत हुन प्रोत्साहन गर्ने क्रममा पब्लिक कम्पनीको रुपमा स्थापना हुने उद्योग व्यवसायलाई आयकरमा १५ प्रतिशत छुट दिने व्यवस्था गरिएकोले देशमा पुँजी बजारको विकास तथा विस्तारका लागि बनेको अनुकूल वातावरणलाई सकारात्मक रुपमा लिई बोर्डले धितोपत्र बजार सेवा तथा नियमन व्यवस्थामा सुधार तथा विकास कार्यलाई प्राथमिकताका साथ अगाडि बढाएको छ ।

अन्त्यमा, धितोपत्र बजार विकासका लागि सहयोग पुऱ्याउने नेपाल सरकार, अर्थ मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, बीमा समिति, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था तथा उद्योग वाणिज्य महासंघ, नेप्से तथा सिडिएस एण्ड क्लियरिङ्ग लि.लाई धन्यवाद दिन चाहन्छु । साथै, बजार सुधार तथा विकास कार्यलाई अगाडि बढाउन र प्रभावकारी बनाउन संचालक समितिका सदस्यज्यूहरुले पुऱ्याउनु भएको रचनात्मक योगदानप्रति आभार व्यक्त गर्दै बोर्डलाई सकृय रुपले अगाडि बढाउनमा बोर्डका कर्मचारीहरुको प्रयास, लगनशीलता र इमानदारिताका लागि विशेष धन्यवाद दिन चाहन्छु ।

डा.रेवत बहादुर कार्की
अध्यक्ष
कार्तिक २२, २०७३

## विषय-सूची

**भाग १**

**संक्षिप्त आर्थिक अवस्था**


१.१ विश्व आर्थिक अवस्था १

१.२ नेपालको समष्टिगत आर्थिक अवस्था २


**भाग २**

**धितोपत्र बजारको अवस्था**


२.१ विश्व धितोपत्र बजार ६

२.२ नेपालको धितोपत्र बजार ७

२.२.१ प्राथमिक बजार ७

धितोपत्र दर्ता तथा विवरणपत्र स्वीकृति ९

साधारण सेयर निष्काशन अनुमति ९

हकप्रद सेयर दर्ता तथा निष्काशन १०

संस्थापक सेयर दर्ता १०

बोनस सेयर दर्ता १०

सामूहिक लगानी योजना दर्ता तथा निष्काशन १०

२.२.२ दोस्रो बजार १०

धितोपत्रको कारोबार ११

बजार पुँजीकरण १२

नेप्से परिसूचक १२

धितोपत्र सूचीकरण १३

सूचिकृत धितोपत्रको चुक्ता मूल्य १४

सूचिकृत संगठित संस्थाहरुको वर्गीकरण १४

सूचिकृत संगठित संस्थाहरुको समूहगत विवरण १४

ओटिसी बजारको कारोबार १५

केन्द्रीय निक्षेप सेवा १५

क्रेडिट रेटिङ सेवा १६

२.३ धितोपत्र बजार सम्बन्धी नीति तथा कार्यक्रम १६


**भाग ३**

**नेपाल धितोपत्र बोर्डको प्रशासनिक तथा वित्तीय अवस्था**


३.१ स्थापना १८

३.२ उद्देश्य तथा कार्यहरु १८

३.३ सञ्चालक बोर्ड १९

३.४ संगठन संरचना तथा जनशक्ति व्यवस्थापन १९

३.५ समितिहरु २०

३.६ बोर्डको वित्तीय अवस्था २१

३.७ अन्तर्राष्ट्रिय सम्बन्ध २१

**भाग ४**

**बोर्डका कामकारवाहीहरु**


| | |
|---|---|
| ४.१ अनुमतिपत्र प्रदान तथा नवीकरण | २३ |
| ४.२ कानुनी व्यवस्था, कानुनी प्रवलीकरण तथा राय सुझाव | २४ |
| ४.३ सुपरिवेक्षण तथा अनुगमन | २६ |
| ४.४ लगानीकर्ता प्रशिक्षण तथा तालिम कार्यक्रम | २९ |
| ४.५ छलफल तथा अर्न्तकृया कार्यक्रम | ३० |
| ४.६ तालिम तथा सेमिनार | ३० |
| ४.७ प्रकाशन तथा सूचना प्रवाह | ३१ |
| ४.८ अध्ययन तथा अनुसन्धान | ३२ |


**भाग ५**

**धितोपत्र बजार सुधार तथा विकासका पहल र चुनौतीहरु**


| | |
|---|---|
| ५.१ सुधार तथा विकासका पहलहरु | ३३ |
| ५.२ समस्या तथा चुनौतीहरु | ३५ |


**तालिकाहरु**


| | | |
|---|---|---|
| तालिका-१ | विश्वको आर्थिक वृद्धिदर | २ |
| तालिका-२ | नेपालको समष्टिगत आर्थिक अवस्था | ५ |
| तालिका-३ | प्राथमिक बजारको अवस्था | ८ |
| तालिका-४ | दोस्रो बजार सूचकांकहरु | ११ |
| तालिका-५ | समूहगत सूचिकृत संगठित संस्था | १४ |
| तालिका-६ | धितोपत्र अभौतिकीकरणको अवस्था | १५ |
| तालिका-७ | रेटिङ सेवा | १६ |
| तालिका-८ | योजना व्यवस्थापक तथा डिपोजटरी | २४ |
| तालिका-९ | आर्थिक वर्ष २०७२।७३ मा गरिएको प्राथमिक निष्काशन | २६ |
| तालिका-१० | सूचिकृत संगठित संस्थाहरुको विवरण प्रवाह | २० |
| तालिका-११ | लगानीकर्ता प्रशिक्षण | ३० |
| तालिका-१२ | अर्न्तकृया कार्यक्रम | ३० |


**चार्टहरु**


| | | |
|---|---|---|
| चार्ट-१(क) | निष्काशन रकम | ८ |
| चार्ट-१(क) | निष्काशन संख्या | ८ |
| चार्ट-२ | सार्वजनिक निष्काशन अनुमति रकम | ९ |
| चार्ट-३ | धितोपत्रको वार्षिक कारोवार रकम | १२ |
| चार्ट-४ | बजार पुँजीकरण | १२ |
| चार्ट-५ | बजार परिसूचक | १३ |

**अनुसूचीहरु** ३७ - ५४

# भाग १
# संक्षिप्त आर्थिक अवस्था

### १.१ विश्व आर्थिक अवस्था

अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०१६ अप्रिलमा प्रकाशित गरेको विश्व आर्थिक परिदृष्य (World Economic Outlook) का अनुसार सन् २०१४ मा ३.४ प्रतिशतले बढेको विश्वको उत्पादन वृद्धिदर सन् २०१५ मा ३.१ प्रतिशतमा झरेको छ । विकसित अर्थतन्त्रको पुनरुत्थानमा आएको सुस्तता र विश्व आर्थिक वृद्धिमा उच्च योगदान रहेका ठूला उदीयमान अर्थतन्त्रहरुको वृद्धिसमेत घट्न गएका कारण विश्व उत्पादन वृद्धिदरमा कमी आएको हो । विश्व आर्थिक वृद्धिदरमा सन् २०१६ मा सीमान्त सुधार भई ३.२ प्रतिशत पुग्ने कोषको प्रक्षेपण रहेको छ । सन् २०१५ मा १.९ प्रतिशतले विस्तार भएको विकसित मुलुकको अर्थतन्त्र सन् २०१६ मा पनि सोही दरमा वृद्धि हुने अनुमान कोषले गरेको छ । विकसित मुलुकहरुमध्ये अमेरिकी अर्थतन्त्रको उत्पादन बृद्धिदर सन् २०१५ मा २.४ प्रतिशत रहेकोमा सन् २०१६ मा समेत सोही दरमा रहने अनुमान छ । सन् २०१५ मा १.६ प्रतिशतले विस्तार भएको युरो क्षेत्र सन् २०१६ मा १.५ प्रतिशतले बढ्ने प्रक्षेपण छ । सन् २०१५ मा ३.५ प्रतिशतले विस्तार भएको युरोपका उदीयमान तथा विकासशील देशहरुको अर्थतन्त्र समेत सन् २०१६ मा सोही दरमा विस्तार हुने प्रक्षेपण छ । निजी उपभोगको मागमा कमी आएको कारण सन् २०१५ मा ०.५ प्रतिशतले विस्तार भएको जापानको अर्थतन्त्र सन् २०१६ मा सोही दरले विस्तार हुने अनुमान छ । त्यस्तै सन् २०१५ मा रसिया र ब्राजिल जस्ता अर्थतन्त्रहरु आर्थिक मन्दीमा परेका छन् भने महत्वपूर्ण उदीयमान अर्थतन्त्र चीनको बृद्धिदरमा अघिल्लो बर्षहरुको तुलनामा कमी आई सन् २०१६ मा ६.५ प्रतिशत रहने अनुमान गरिएको छ । सन् २०१५ मा ४ प्रतिशतले वृद्धि भएको उदीयमान र विकासशील देशहरुको अर्थतन्त्र सन् २०१६ मा सीमान्त रुपमा बढ्न गई ४.१ प्रतिशत रहने अनुमान कोषले गरेको छ ।

पेट्रोलियम पदार्थको मूल्यमा निरन्तर रुपमा आएको गिरावटका कारण तेल निर्यातक राष्ट्रहरुको अर्थतन्त्र समेत कमजोर रही उदीयमान तथा विकासशील देशहरुको आर्थिक वृद्धिदर कम रहने देखिएको छ । यस्तै सन् २०१५ मा ६.६ प्रतिशतले विस्तार भएको एशियाका उदीयमान तथा विकासोन्मुख देशहरुको अर्थतन्त्र सन् २०१६ मा पनि सोही दरले विस्तार हुने अनुमान गरिएको छ । भारतीय अर्थतन्त्रमा गरिएको नीतिगत सुधारको कारण लगानी विस्तार भई सन् २०१५ मा ७.३ प्रतिशतमा रहेको आर्थिक वृद्धिदर बढ्दै जाने प्रक्षेपण गरिएको छ । यस्तै आसियान मुलुकहरुको उत्पादन वृद्धिदर सन् २०१५ मा ४.७ प्रतिशत रहेकोमा उक्त दरमा सीमान्त वृद्धि भई सन् २०१६ मा ४.८ प्रतिशत रहने अनुमान कोषको रहेको छ । सन् २०१४ को तुलनामा सन् २०१५ मा दक्षिण एशियाली मुलुकहरुमध्ये नेपाल  र मालदिभ्स बाहेक अन्य मुलुकहरुको आर्थिक वृद्धिदर बढेको छ भने सन् २०१६ मा नेपाल र श्रीलंका बाहेक सबै दक्षिण एशियाली मुलुकहरुको आर्थिक वृद्धिदर बढ्ने अनुमान छ । विश्वको आर्थिक वृद्धिदर तालिका-१ मा प्रस्तुत गरिएको छ ।

**तालिका-१**
**विश्वको आर्थिक वृद्धिदर (वार्षिक प्रतिशत परिवर्तन)**

| क्र.सं. | विवरण | वर्ष (सन्मा) | | | |
|---|---|---|---|---|---|
| | | २०१३ | २०१४ | २०१५ | २०१६ (प्रक्षेपण) |
| १ | विश्वको उत्पादन | ३.३ | ३.४ | ३.१ | ३.२ |
| २ | विकसित अर्थतन्त्र | १.२ | १.८ | १.९ | १.९ |
| ३ | उदीयमान तथा विकासशील अर्थतन्त्र | ४.९ | ४.६ | ४.० | ४.१ |
| ४ | उदीयमान तथा विकाशोन्मुख एशियाली मुलुकहरु | ६.९ | ६.८ | ६.६ | ६.४ |
| ५ | मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुकहरु | २.१ | २.६ | २.३ | २.९ |
| ६ | उदीयमान तथा विकासशील युरोपेली मुलुकहरु | २.८ | २.८ | ३.५ | ३.५ |
| ७ | युरोपियन युनियनका मुलुकहरु | ०.३ | १.४ | २.० | १.८ |
| ८ | अमेरिका | १.५ | २.४ | २.४ | २.४ |
| ९ | जापान | १.४ | ०.० | ०.५ | ०.५ |
| १० | चीन | ७.७ | ७.३ | ६.९ | ६.५ |
| ११ | दक्षिण एसियाली राष्ट्रहरु | | | | |
| | बंगलादेश | ६.० | ६.३ | ६.४ | ६.६ |
| | भुटान | ४.९ | ६.४ | ७.७ | ८.४ |
| | भारत | ६.६ | ७.२ | ७.३ | ७.५ |
| | मालदिभ्स | ४.७ | ६.५ | १.९ | ३.५ |
| | नेपाल | ४.१ | ५.४ | ३.४ | ०.५ |
| | श्रीलंका | ३.४ | ४.५ | ५.२ | ५.० |
| | पाकिस्तान | ३.७ | ४.० | ४.२ | ४.५ |
| | अफगानिस्तान | ३.९ | १.३ | १.५ | २.० |

स्रोत: वर्ल्ड इकोनोमिक आउटलुक, अप्रिल २०१६ आइएमएफ र आर्थिक सर्वेक्षण, २०७२।७३।

उपभोक्ता मूल्यको आधारमा विश्वको मुद्रास्फीति दरलाई दृष्टिगत गर्दा सन् २०१४ मा १.४ प्रतिशत रहेको विकसित अर्थतन्त्रको मूल्य वृद्धि सन् २०१५ मा ०.३ प्रतिशत मात्र रहन गयो। पेट्रोलियम पदार्थको मूल्य घटेको कारण विकसित मुलुकको मूल्य वृद्धि न्यून रहेको हो। त्यसैगरी उदीयमान तथा विकासशील अर्थतन्त्रको मूल्य वृद्धि सन् २०१५ मा ४.७ प्रतिशत रहेकोमा सन् २०१६ मा ४.५ प्रतिशत रहने प्रक्षेपण छ। दक्षिण एशियाली मुलुकहरुमध्ये अफगानिस्तानको मुद्रास्फीति दर १.५ प्रतिशतले ऋणात्मक रहेको छ। दक्षिण एशियाली देशहरुको मुद्रास्फीति दर पनि विश्वका अन्य देशहरुको घटना परिघटनाहरुबाट प्रभावित भएको देखिन्छ। सन् २०१५ को तुलनामा सन् २०१६ मा भुटान र पाकिस्तान बाहेक अन्य सबै दक्षिण एशियाली मुलुकहरुको मूल्य स्थिति बढ्ने अनुमान कोषको छ। समग्रमा विश्व अर्थतन्त्र यो वर्ष पनि सन् २०१५ को दरमा नै बढ्ने देखिएको छ।

### १.२ नेपालको समष्टिगत आर्थिक अवस्था

समीक्षा वर्ष २०७२।७३ मा नेपालको अर्थतन्त्रको स्थिति कमजोर देखिएको छ। २०७२ वैशाखमा गएको विनासकारी भूकम्पको असर कायमै रहनु, समीक्षा वर्षमा भएको सीमा नाका अवरोध तथा बन्द हडतालले व्यापार

तथा उद्योग धन्दामा प्रतिकूल असर पर्नु र भूकम्प पछिको पुर्ननिमाणले अपेक्षित गति लिन नसक्नु जस्ता मुख्य कारणहरुले देशको यथार्थ बृद्धिदर ०.७७ प्रतिशत मात्र रहने केन्द्रीय तथ्यांक विभागको प्रारम्भिक अनुमान रहेको छ । आर्थिक वर्ष २०७१।७२ मा यस्तो बृद्धिदर २.३२ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७२।७३ मा कृषि तथा वन क्षेत्रको उत्पादन १.१ प्रतिशतले मात्र बढेको अनुमान छ भने गैर कृषि क्षेत्र ०.६ प्रतिशतले बढेको अनुमान छ । गैर कृषि क्षेत्रमध्ये उद्योग क्षेत्रको बृद्धिदर ६.३ प्रतिशतले ऋणात्मक रहने अनुमान रहेको छ भने सेवा क्षेत्र २.७ प्रतिशतले विस्तार भएको अनुमान छ । समीक्षा वर्षमा उत्पादनमुलक उद्योगहरुको वृद्धिदर ९.९ प्रतिशतले ह्रास भएको अनुमान छ । कुल गार्हस्थ उत्पादनमा उत्पादनमुलक उद्योगहरुको योगदान अघिल्लो वर्षको तुलनामा घटेर ५.५ प्रतिशतमा खुम्चिएको छ । कुल गार्हस्थ उत्पादनमा कृषि र उद्योग क्षेत्रको योगदान घट्दो छ भने सेवा क्षेत्रको योगदान बढ्दो छ । प्रविधिमैत्री नहुनु तथा पर्याप्त सिचाईको व्यवस्था तथा व्यवसायिकरण नगरिएकोले कृषि क्षेत्र र विद्युतको अभाव, पूर्वाधारहरुको कमी तथा लागतमा बृद्धिले उद्योग क्षेत्रले अपेक्षित गति लिन सकिरहेको छैन । आर्थिक वर्ष २०७२।७३ मा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदानको अशं ३१.७ प्रतिशत र गैर कृषि क्षेत्रको अशं ६८.३ प्रतिशत रहेको छ । गैर कृषि क्षेत्रमा पनि सेवा क्षेत्रको विस्तार तुलनात्मकरुपमा बढ्दै गएको छ । आर्थिक वर्ष २०५८।५९ देखि २०६२।६३ को अवधिमा कृषि क्षेत्रको योगदान औषत ३५.७ प्रतिशत र गैर कृषि क्षेत्रको योगदान औषत ६४.३ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा होटल तथा रेष्टुरेण्ट क्षेत्रको उत्पादनमा ४.८ प्रतिशतले ह्रास आएको अनुमान छ । यस्तैगरी वित्तीय मध्यस्थता क्षेत्रको वृद्धिदर ३.३ प्रतिशत रहने अनुमान छ । अघिल्लो आर्थिक वर्षमा यस क्षेत्रको वृद्धिदर २.९ प्रतिशत रहेको थियो ।

समीक्षा वर्षमा जनसंख्या बृद्धिदर भन्दा जिडिपीको बृद्धिदर कम भई प्रतिव्यक्ति आय तथा जिडिपीसँगको कुल गार्हस्थ वचत अनुपातमा ह्रास आएको अनुमान छ भने सोही अनुरुप जिडिपीसँगको उपभोग अनुपातमा केही बृद्धि भएको अनुमान गरिएको छ । त्यस्तै, जिडिपीसँगको कुल स्थिर पुँजी लगानी अनुपात पनि अघिल्लो वर्षको तुलनामा घटेको अनुमान छ । अघिल्लो वर्षमा मूल्य बृद्धि (मुद्रा स्फीति) औषत ७.२ प्रतिशत रहेकोमासमीक्षा वर्षमा ९.९ प्रतिशत पुगेको छ । बिनासकारी भूकम्पको असर, बन्द हडताल, सीमा नाकामा अवरोध तथा आपूर्ति असहजताका कारण समीक्षा वर्षमा मूल्यमा बढी चाप परेको हो ।

समीक्षा वर्षमा प्रमुख मौद्रिक तथा वित्तीय परिसूचकहरुको स्थिति मिश्रित देखिएको छ । आर्थिक वर्ष २०७२।७३ मा संकुचित र विस्तृत मुद्रा प्रदायमा गत वर्षको तुलनामा केही बृद्धि भई क्रमश: २० र २२ प्रतिशत भएको अनुमान छ भने निजी क्षेत्रमा गएको कर्जा तथा वित्तीय क्षेत्रको निक्षेपमा अघिल्लो वर्षको बृद्धिदरको तुलनामा सीमान्त ह्रास आई क्रमश: १९ र १९.४ प्रतिशतले बृद्धि भएको अनुमान छ । सो बृद्धिदर अघिल्लो वर्ष क्रमश: १९.४ र २०.१ प्रतिशत रहेको थियो । मुद्रा प्रदायमा भएको बृद्धिले तरलतामा बृद्धि तथा लगानीका उपयुक्त क्षेत्रहरु न्यून रहेको देखाउँछ ।

आर्थिक गतिविधिमा कमी, न्यून व्याजदर र धितोपत्र बजार सुधार तथा विकासका लागि भएका विभिन्न प्रयासहरुका कारण लगानीकर्ताको वचत धितोपत्र बजारमा आकर्षित भई समीक्षा वर्षको अन्त्यमा नेप्से परिसूचक अघिल्लो वर्षको सोही अवधिको तुलनामा ७८.७४ प्रतिशतले बृद्धि भई १,७१८.१५ विन्दु पुगेको छ । अघिल्लो आर्थिक वर्षको अन्त्यमा नेप्से परिसूचक ७.२ प्रतिशतले घटी ९६१.२३ बिन्दु रहेको थियो ।

समीक्षा वर्षमा अघिल्लो आर्थिक वर्षको जस्तै सरकारी वित्त क्षेत्रको स्थिति कमजोर देखिएको छ । विनासकारी भूकम्पको असर कायमै रहनु, बन्द हडताल तथा सीमा नाकामा भएको अवरोधका कारण आपूर्ति व्यवस्थामा

आएको असहजताका कारण राजस्व बृद्धिदर र पुँजीगत खर्चमा ह्रास आएको छ । अघिल्लो वर्ष १३.७ प्रतिशत रहेको राजस्व बृद्धि समीक्षा वर्षमा १३.५ प्रतिशत रहने अनुमान छ भने सरकारी खर्चमा अघिल्लो वर्ष ३३ प्रतिशत बृद्धि रहेकोमा सो मा समीक्षा वर्षमा सिमान्तरुपमा कमी आई ३२ प्रतिशत रहेको अनुमान गरिएको छ । साथै गत आर्थिक वर्षको तुलनामा समीक्षा वर्षको चालु खर्चमा ४२.६८ प्रतिशत र यथार्थ पुँजीगत खर्चमा १३५.१० प्रतिशतले वृद्धि आउने अनुमान गरिएकोले बजेट घाटामा शत प्रतिशत भन्दा बढीले बृद्धि हुने अनुमान छ ।

बाह्य क्षेत्रको समष्टिगत स्थिति समीक्षा वर्षमा मिश्रित रहेको देखिन्छ । अघिल्लो वर्ष ७.३ प्रतिशतले घटेको निर्यात बृद्धि समीक्षा वर्षमा बन्द हडताल तथा सीमा नाका अवरोधका कारण १३ प्रतिशतले घटी निर्यात आयात अनुपात विगत वर्षको ११ प्रतिशतबाट समीक्षा वर्षमा ९.१ प्रतिशतमा झरेको छ । सीमा नाका अवरोधका कारण समीक्षा वर्षमा आयात बृद्धिमा ह्रास आई २ प्रतिशतको मात्र बृद्धि देखिएको छ भने व्यापार घाटा बृद्धिमा पनि कमी आई जिडिपीसँगको व्यापार घाटा अनुपातमा अघिल्लो वर्षको ३२.५ प्रतिशतको बृद्धिबाट घटेर ३१.८ प्रतिशत भएको छ । त्यस्तै यस अवधिमा आयात घट्नुका साथै विप्रेषणमा आएको बृद्धिका कारण विगत वर्षको तुलनामा चालु खाता सन्तुलन रु.३३ अर्ब ६० करोड र सोधनान्तर वचत रु.१६ अर्बले बृद्धि भई विदेशी विनिमय संचितिले बस्तु तथा सेवाको आयात धान्न सक्ने क्षमता अघिल्लो आर्थिक वर्षमा ११.२ महिना रहेकोमा समीक्षा वर्षमा बृद्धि भई १३.२ महिना पुगेको छ । नेपालको अर्थतन्त्रको समष्टिगत आर्थिक सूचकांकहरु तालिका-२ मा प्रस्तुत गरिएको छ ।

**तालिका–२**
**नेपालको समष्टिगत आर्थिक अवस्था**

| क्र.सं. | विवरण | इकाई | आर्थिक वर्ष | | |
|---|---|---|---|---|---|
| | | | २०७०।७१ | २०७१।७२ | २०७२।७३ |
| १ | **यथार्थ क्षेत्र र मूल्य** | | | | |
| | क) यथार्थ आर्थिक बृद्धि | प्रतिशत | ५.७ | २.३२ | ०.७७ |
| | कृषि | प्रतिशत | ४.५ | ०.८ | १.३ |
| | उद्योग | प्रतिशत | ७.१ | १.५ | (६.३) |
| | सेवा | प्रतिशत | ६.२ | ३.६ | २.७ |
| | ख) प्रति व्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | ७२५ | ७६२ | ७५२ |
| | ग) कूल उपभोग/ जिडिपी अनुपात | प्रतिशत | ८८.१ | ९१.२ | ९४.७ |
| | घ) कूल गार्हस्थ वचत/जिडिपी अनुपात | प्रतिशत | ११.९ | ८.८ | ५.३ |
| | ङ) कूल राष्ट्रिय वचत/जिडिपी अनुपात | प्रतिशत | ४५.७ | ४३.९ | ४२.९ |
| | च) कूल स्थिर पुँजी लगानी/जिडिपी अनुपात | प्रतिशत | २३.५ | २७.७ | २५.० |
| | छ) मूल्य बृद्धि (मुद्रा स्फीति) औषत वार्षिक | प्रतिशत | ९.१ | ७.२ | ९.९ |
| २ | **मौद्रिक एवं वित्तीय क्षेत्र** | | | | |
| | (क) संकुचित मुद्रा प्रदाय (M1) | प्रतिशत | १७.७ | १९.७ | २०.० |
| | (ख) विस्तृत मुद्रा प्रदाय (M2) | प्रतिशत | १९.१ | १९.९ | २२.० |
| | (ग) निजी क्षेत्रको कर्जा वृद्धि | प्रतिशत | १८.३ | १९.४ | १९.० |
| | (घ) कुल निक्षेप बृद्धि | प्रतिशत | १९.९ | २०.१ | १९.४ |
| | (ङ) पुँजीबजार: नेप्से परिसूचक | प्रतिशत | ९९.२ | (७.२) | ७८.७ |
| ३ | **सरकारी वित्त क्षेत्र** | | | | |
| | (क) राजस्व वृद्धि | प्रतिशत | २०.५ | १३.७ | १३.५ |
| | (ख) सरकारी खर्च बृद्धि | प्रतिशत | ११.४ | ३३.० | ३२.० |
| | (ग) बजेट घाटा | रु.अर्ब | ३८.७ | ८३.२ | २३१.५ |
| | (घ) कुल तिर्न बाँकी ऋण | रु.अर्ब | ५५३.५ | ५४४.९ | ६०६.७ |
| ४ | **वाह्य क्षेत्र (वैदेशिक व्यापार र भुक्तानी)** | | | | |
| | (क) निर्यात बृद्धि | प्रतिशत | १७.४ | ७.३ | १३ |
| | निर्यात/जिडिपी अनुपात | प्रतिशत | ४.७ | ४.४ | ३.३ |
| | (ख) आयात वृद्धि | प्रतिशत | २७.३ | ८.४ | ८.४ |
| | आयात/जिडिपी अनुपात | प्रतिशत | ३६.४ | २.० | ३५.१ |
| | (ग) निर्यात/आयात अनुपात | प्रतिशत | १२.९ | ११.० | ९.१ |
| | (घ) व्यापार घाटा बृद्धि | प्रतिशत | २९.७ | १०.८ | ३.८० |
| | व्यापार घाटा/जिडिपी अनुपात | प्रतिशत | ३१.७ | ३२.५ | ३१.८ |
| | (ङ) टर्म्स अफ ट्रेड (औषत परिवर्तन) | प्रतिशत | ३.४ | १२.८ | २२.२ |
| | (च) चालु खाता सन्तुलन | रु. अर्ब | ८९.७ | १०८.३ | १४१.९ |
| | (छ) शोधनान्तर वचत | रु. अर्ब | (१२७.१) | (१४५) | (१६१) |
| | (ज) विदेशी मुद्रा संचिति (वस्तु तथा सेवा आयात धान्न पुग्ने) | महिना | १० | ११.२ | १३.२ |

स्रोत:आर्थिक सर्वेक्षण, २०७२।७३, अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकको तथ्याङ्कमा आधारित ।

# भाग २
# धितोपत्र बजारको अवस्था

## २.१ विश्व धितोपत्र बजार

सन् २०१५ को जुलाईदेखि ओरालो लागेको विश्वको धितोपत्र बजारमा सन् २०१६ को जुलाई सम्ममा पनि सोही प्रवृति देखिएको छ । खासगरी एशिया प्यासिफिक क्षेत्रमा आएको उच्च गिरावटसँगै विश्व धितोपत्र बजारको सुचकांकहरु नकारात्मक रहेको देखिन्छ । समीक्षा अवधिमा अमेरिका र मध्य एशिया तथा अफ्रिकन क्षेत्र (EMEA) को एक्सचेन्जमा धितोपत्रहरुको कारोबार संख्यामा भने उल्लेखनीय बृद्धि देखिन्छ । सन् २००७-०९ को विश्व वित्तीय संकटपश्चात् नियमन व्यवस्थामा सुदृढीकरण, संस्थागत सुशासन अभ्यासमा सुधार तथा लगानीकर्ता शिक्षा तथा सचेतनामा ध्यान दिइएकोले विश्व धितोपत्र बजारमा लगानीकर्ताहरुको विश्वास बढ्दै गएको देखिन्छ ।

अमेरिकाको NYSE Composite Index सन् २०१६ जुलाईमा ६.३३ प्रतिशत (६४२.०९ बिन्दु) ले बृद्धि भई १०,७८५.५१ बिन्दुमा उक्लेको छ । उक्त Index सन् २०१५ को डिसेम्बरमा १०,१४३.४२ विन्दु रहेको थियो । लण्डनको धितोपत्रको दोस्रो बजारको प्रमुख परिसूचक मध्यको एक FTSE100 मा भने ७.७२ प्रतिशत (४८२.११ बिन्दु) ले बृद्धि भई ६,७२४.४३ बिन्दुमा उक्लेको छ जुन परिसूचक सन् २०१५ डिसेम्बरमा ६,२४२.३२ बिन्दु रहेको थियो । चीनको Shanghai Composite Index मा सन् २०१६ जुलाईमा १५.४६ प्रतिशत (५४७.१८ बिन्दु) को ठूलो गिरावट आई २,९९२ बिन्दु कायम भएको छ जुन सन् २०१५ को डिसेम्बरमा ३,५३९.१८ विन्दु रहेको थियो । भारतको धितोपत्र बजारमा भने उल्लेखनीय बृद्धि आई सन् २०१६ जुलाईमा बम्बई स्टक एक्सचेन्जको S&P BSE SENSEX परिसूचकमा ७.४० प्रतिशत (१,९३४.३२ बिन्दु) ले बृद्धि भई २८,०५१.८६ बिन्दु पुगेको छ । उक्त परिसूचक सन् २०१५ डिसेम्बरमा २६,११७.५४ विन्दु रहेको थियो । सन् २०१६ जुलाईमा विश्व धितोपत्र बजारको बजार पुँजीकरण, धितोपत्रको कारोबार संख्या र कारोबार रकममा क्रमशः १.२ प्रतिशत,१२.६ प्रतिशत तथा १७.३ प्रतिशतले कमी आएको छ ।

सन् २०१६ जुनको अन्त्यमा World Federation of Exchanges (WFE) ले प्रकाशित गरेको तथ्याङ्क अनुसार कुल बजार पुँजीकरणमा सन् २०१५ जुन महिनाको तुलनामा करिब ९.४ प्रतिशतले कमी आई ६७.२ ट्रिलियन अमेरिकी डलर कायम भएको छ । उक्त बजार पुँजीकरण सन् २०१५ को जुनमा ७४.२ ट्रिलियन अमेरिकी डलर रहेको थियो । एशिया प्यासिफिक क्षेत्रमा बजार पुँजीकरणमा ४ ट्रिलियन अमेरिकी डलरले कमी आई सबैभन्दा उच्च गिरावट देखिएको छ । तर अमेरिकाको धितोपत्र बजारको कुल बजार पुँजीकरणमा भने करिब ४.३ प्रतिशतको सामान्य वृद्धि भई २९.१४ ट्रिलियन अमेरिकी डलर पुगेको छ । त्यस्तै सन् २०१६ को पहिलो ६ महिनामा विश्व धितोपत्र बजारमा कारोबार रकममा पनि करिब २४ प्रतिशतले कमी आई ४४.९० ट्रिलियन अमेरिकी डलरको मात्र कारोवार भएको छ । सन् २०१५ को सोही अवधिमा कारोबार रकम ५९.२ ट्रिलियन अमेरिकी डलर रहेको थियो । विश्वको पुँजी बजार मध्ये एशिया प्यासिफिक क्षेत्रमा मात्र अघिल्लो वर्षको पहिलो ६ महिनाको तुलनामा कारोवार रकममा करिब ४७ प्रतिशतले कमी आएको देखिन्छ । तर अमेरिकाको एक्सचेन्जहरुमा कारोबार रकममा भने अघिल्लो वर्षको पहिलो ६ महिनाको तुलनामा २.३ प्रतिशतको सामान्य बृद्धि देखिएको छ ।

सन् २०१६ को मध्यसम्मको तथ्याङ्क अध्ययन गर्दा कारोबार संख्यामा सन् २०१५ को पहिलो ६ महिनाको तुलनामा करिब ६.९० प्रतिशतले कमी आएको छ । अमेरिका, युरोप तथा मध्य एशिया तथा अफ्रिकन क्षेत्रहरु (EMEA) को एक्सचेन्जहरुमा धितोपत्रहरुको कारोबार संख्यामा वृद्धि भएतापनि एशिया प्यासिफिक क्षेत्रको एक्सचेन्जमा करिब ६६ प्रतिशतको उच्च गिरावट आएको छ ।

विश्व धितोपत्र बजारमा सन् २०१६ जुनसम्म नयाँ कम्पनीहरु सूचिकरण हुने संख्यामा अघिल्लो वर्षको सोही अवधिको तुलनामा करिब ४८.९० प्रतिशतले कमी आएको छ । अमेरिकाको एक्सचेन्जहरुमा सूचिकृत कम्पनीहरुको संख्यामा २ प्रतिशतले कमी आएको छ भने एशिया प्यासिफिक क्षेत्रको एक्सचेन्जहरुमा सूचिकृत कम्पनीहरुको संख्यामा ३.२ प्रतिशतले वृद्धि आएको छ । समीक्षा वर्षमा EMEA क्षेत्रका सूचिकृत कम्पनीहरुको संख्यामा ०.८ प्रतिशतले कमी आएको देखिन्छ । यस्तै समीक्षा अवधिमा विश्व धितोपत्र बजारमा धितोपत्र निष्काशनमार्फत हुने पुँजी प्रवाहमा समेत ६४.४० प्रतिशतले कमी आई ४०.११ विलियन अमेरिकी डलर बराबरको पुँजी परिचालन भएको छ ।

### २.२ नेपालको धितोपत्र बजार

समीक्षा वर्षमा विश्व धितोपत्र बजारमा शिथिलता आएतापनि बजार सुधार तथा विकास एवं अन्य कारणहरुले गर्दा नेपालको धितोपत्र बजार बढोत्तरीतर्फ गएको छ । गत आर्थिक वर्षमा बजारको परिसूचक ओरालो लागेको भएतापनि समीक्षा वर्षमा भने धितोपत्र बजारको परिसूचकहरूमा निकै सुधार आएको छ । यससँगै धितोपत्रको बाह्य बजार (ओटीसी बजार) थप व्यवस्थित भई नेपाल स्टक एक्सचेन्जमा सूचिकृत नभएका पब्लिक कम्पनीहरुको कारोवार संख्यामा पनि उल्लेख्य वृद्धि भएको छ । बोर्डबाट बजार सुधारका कार्यहरु भएको, अर्थतन्त्रमा लगानीको अन्य विकल्पहरु कम भएको, वित्तीय बजारमा उच्च तरलता भई बैंक व्याजदर न्यून रहेका र बैंक तथा वित्तीय संस्थाहरुको पुँजी वृद्धि योजना सार्वजनिक भएकोले धितोपत्रको प्राथमिक तथा दोस्रो बजारमा सर्वसाधारणको सहभागितामा उत्साहजनक बृद्धि भई धितोपत्र बजारमा उल्लेखनीय बृद्धि आएको छ । नेपालको धितोपत्रको प्राथमिक तथा दोस्रो बजार सहितको अवस्थालाई सम्बन्धित शीर्षकमा विस्तृत रुपमा विश्लेषण गरिएको छ ।

#### २.२.१ प्राथमिक बजार

विगत तीन आर्थिक वर्षको प्राथमिक बजारको अध्ययन गर्दा आर्थिक वर्ष २०७२।७३ मा प्राथमिक बजारको स्थिति मिश्रित देखिएको छ । सार्वजनिक निष्काशन संख्याको आधारमा समीक्षा वर्षमा अघिल्लो वर्षको तुलनामा १४.५८ प्रतिशतले बृद्धि भई ५५ वटा सार्वजनिक निष्काशन भएको देखिन्छ जुन अघिल्लो आर्थिक वर्षमा ४.३५ प्रतिशत मात्र भएको थियो । सार्वजनिक निष्काशन रकमको आधारमा समीक्षा वर्षमा अघिल्लो वर्षको तुलनामा ३१.५१ प्रतिशतको बृद्धि भई रु.१८.९९ अर्वको पुँजी परिचालन भएको छ । अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निष्काशन रकमा ७४.८२ प्रतिशतको उच्च बृद्धि भएको थियो । विगत तीन आर्थिक वर्षको निष्काशन प्रवृत्ति हेर्दा संगठित संस्थाहरुले हकप्रद सेयर निष्काशनमार्फत बढी पुँजी परिचालन गरेको देखिन्छ । प्राथमिक बजारको अवस्था तालिका-३ र चार्ट-१ (क) तथा १ (ख) मा प्रस्तुत गरिएको छ ।

**तालिका–३**

**प्राथमिक बजारको अवस्था**

| विवरण | आर्थिक वर्ष | | | | | | परिवर्तन प्रतिशत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०७०।७१ | | २०७१।७२ | | २०७२।७३ | | (संख्याको आधारमा) | | (रकमको आधारमा) | |
| | संख्या | रकम रु अर्बमा | संख्या | रकम रु अर्बमा | संख्या | रकम रु अर्बमा | २०७१।७२ | २०७२।७३ | २०७१।७२ | २०७२।७३ |
| प्राथमिक निष्काशन | १६ | १.५७ | १८ | ६.९८ | १४ | २.७६ | १२.५ | (२२.२२) | ३४४.५९ | (६०.४६) |
| हकप्रद निष्काशन | २६ | ४.२४ | २२ | २.३१ | ३७ | ९.४० | (१५.३८) | ६८.१८ | (४५.५२) | ३०६.९३ |
| थप निष्काशन | – | – | – | – | ३ | ५.८३ | – | – | – | – |
| म्युचुअल फण्ड | १ | १ | ३ | २.२५ | १ | १.०० | २०० | (६६.६७) | १२५ | (५५.५५) |
| ऋणपत्र निष्काशन | ३ | १.४५ | ५ | २.९० | – | – | ६६.६७ | – | १०० | – |
| **जम्मा** | ४६ | ८.२६ | ४८ | १४.४४ | ५५ | १८.९९ | ४.३५ | १४.५८ | ७४.८२ | ३१.५१ |

स्रोत: नेपाल धितोपत्र बोर्ड ।

**चार्ट–१ (क)**

**निष्काशन रकम**




**चार्ट–१ (ख)**

**निष्काशन संख्या**



आर्थिक वर्ष २०७२।७३ को अवधिमा प्राथमिक बजारमा केही सुधार आएको छ । समीक्षा वर्षमा धितोपत्र दर्ता तथा विवरणपत्र स्वीकृति, साधारण सेयर निष्काशन अनुमति, हकप्रद सेयर दर्ता तथा निष्काशन र बोनस सेयर दर्तामा बृद्धि आएको छ भने संस्थापक सेयर दर्ता र सामूहिक लगानी योजना दर्ता तथा निष्काशनमा कमी आएको छ ।

### धितोपत्र दर्ता तथा विवरणपत्र स्वीकृति

समीक्षा वर्षमा साधारण सेयरको प्राथमिक निष्काशन तथा थप निष्काशन, हकप्रद सेयर र सामुहिक लगानी योजना मार्फत कुल ५२ संगठित संस्था (निष्काशन संख्याको आधारमा ५५) ले १८ अर्ब ९९ करोड ८६ लाख २३ हजार ७ सय ५३ रुपैयाँ बराबरको धितोपत्र दर्ता गराएका छन् । गत वर्ष कुल ४८ संगठित संस्थाहरुले रु.१४ अर्व ४३ करोड ५३ लाख ३४ हजार मूल्य बराबरको धितोपत्र दर्ता गराएका थिए । यसरी समीक्षा वर्षमा पुँजी परिचालन गर्ने संगठित संस्थाको संख्यामा १४.५८ प्रतिशतले वृद्धि आएको छ भने सार्वजनिक निष्काशन रकममा पनि ३१.५१ प्रतिशतले वृद्धि आएको छ । धितोपत्रको सार्वजनिक निष्काशन अनुमतिको विगत १० वर्षको अवस्था चार्ट-२ र आर्थिक वर्ष २०७२।७३ मा भएको सार्वजनिक निष्काशन अनुसूचीमा-१ प्रस्तुत गरिएको छ ।

**चार्ट-२**

**सार्वजनिक निष्काशन अनुमति रकम**




### साधारण सेयर निष्काशन अनुमति

सार्वजनिक निष्काशन अनुमतितर्फ समीक्षा वर्षमा १ बैंक, ५ विकास बैंक, १ वित्त कम्पनी, १ बीमा कम्पनी र ६ जलविद्युत कम्पनी गरी कुल १४ संगठित संस्थाहरुले रु.८ अर्व ५९ करोड ४२ लाख ४७ हजार ७ सय ८८ को साधारण सेयर निष्काशनको लागि दर्ता गराएकोमा बोर्डले उक्त १४ संस्थालाई नै निष्काशनको लागि अनुमति प्रदान गरेको छ । जसमा १ वाणिज्य बैक, १ बीमा कम्पनी र १ वित्त कम्पनी गरी ३ संस्थाहरुले थप निष्कासन (Further Public Offering - FPO) गरेका छन् । समीक्षा वर्षमा सर्वसाधारणको लागि साधारण सेयरको प्राथमिक निष्काशनको लागि अनुमति पाएका ९ कम्पनीहरुमध्ये ६ कम्पनीहरुले मात्र सेयर निष्काशन गरेका छन् । समीक्षा वर्षमा १ सामूहिक लगानी कोषले योजना सार्वजनिक गर्न अनुमति पाई निष्काशन समेत गरेको छ । यस्तैगरी ५ जलविद्युत कम्पनीले स्थानीयवासीलाई साधारण सेयर जारी गर्न अनुमति पाएकोमा ४ कम्पनीले मात्र निष्काशन गरेका छन् ।

**हकप्रद सेयर दर्ता तथा निष्काशन**

समीक्षा वर्षमा बोर्डले ३७ संगठित संस्थाहरुको कुल रु.९ अर्ब ४० करोड ४३ लाख ७५ हजार ९ सय ६५ बराबरको हकप्रद सेयर दर्ता गरेको छ। जसमा ८ बैंक, २२ विकास बैंक, ४ वित्त कम्पनी, १ जलविद्युत कम्पनी र २ बीमा कम्पनी रहेका छन्। गत वर्ष २२ कम्पनीहरुको कुल रु.४ अर्ब ८४ करोड २३ लाख २१ हजारको हकप्रद सेयर जारी भएको थियो। तुलनात्मक अध्ययन गर्दा यस वर्ष हकप्रद सेयर जारी गर्ने कम्पनीहरुको संख्यामा ६८.१८ प्रतिशत र हकप्रद सेयरमार्फत भएको पुँजी परिचालनमा करिब ९४.२१ प्रतिशतले वृद्धि आएको छ। समीक्षा वर्षमा हकप्रद सेयर निष्काशनका लागि अनुमति प्राप्त गरेकामध्ये २३ संगठित संस्थाले हकप्रद सेयर निष्काशन गरेका छन्। नेपाल राष्ट्र बैंकले मौद्रिक नीति मार्फत सार्वजनिक गरेको पुँजी वृद्धि योजना अनुसार बैंक तथा वित्तीय संस्थाहरुले आर्थिक वर्ष २०७३।७४ को असार मसान्तसम्म तोकिएको पुँजी वृद्धि गर्नुपर्ने भएकोले सो क्षेत्रको हकप्रद निष्काशनमा उच्च सहभागिता देखिएको छ। आर्थिक वर्ष २०७२।७३ को हकप्रद सेयर दर्ता तथा निष्काशनको अवस्था अनुसूची-२ मा प्रस्तुत गरिएको छ।

**संस्थापक सेयर दर्ता**

समीक्षा वर्षमा १ संगठित संस्थाको रु.८ करोड बराबरको संस्थापक सेयर दर्ता भएको छ। गत आर्थिक वर्षमा १५ संगठित संस्थाको रु.६ अर्ब ६६ करोड २२ लाख ८ हजार बराबरको संस्थापक सेयर दर्ता भएको थियो। यस आर्थिक वर्षमा बोर्डमा संस्थापक सेयर दर्ता गराउने संगठित संस्थाको विवरण अनुसूची-३ मा प्रस्तुत गरिएको छ।

**बोनस सेयर दर्ता**

समीक्षा अवधिमा ११८ संगठित संस्थाहरुको रु.२१ अर्ब ५ करोड ६१ लाख २ हजार २ सय ७ बराबरको बोनस सेयर दर्ता भएका छन्। उक्त संस्थाहरुमा २२ वाणिज्य वाणिज्य बैंक, ६१ विकास बैंक, १८ वित्त कम्पनी, १३ बीमा कम्पनी, १ जलविद्युत, २ होटल र १ व्यापार कम्पनी रहेका छन्। गत आर्थिक वर्षमा कुल ११३ संगठित संस्थाहरुले रु.१५ अर्ब २१ करोड ६० लाख ५५ हजार ७ सय २८ बराबरको बोनस सेयर दर्ता गरेका थिए। समीक्षा वर्षमा बोर्डमा बोनस सेयर दर्ता गरेका संगठित संस्था सम्बन्धी विवरण अनुसूची-४ मा प्रस्तुत गरिएको छ।

**सामूहिक लगानी योजना दर्ता तथा निष्काशन**

समीक्षा वर्षमा १ संगठित संस्थाले रु.१ अर्ब बराबरको सामूहिक लगानी योजना बोर्डमा दर्ता गरी निष्काशन अनुमति प्राप्त गरेकोमा उक्त सामूहिक लगानी योजना समीक्षा वर्षमा नै निष्काशन भएको छ। समीक्षा वर्षमा बोर्डमा सामूहिक लगानी कोष दर्ता गरेका संगठित संस्थाहरु सम्बन्धी विवरण अनुसूची-५ मा प्रस्तुत गरिएको छ।

**२.२.२ दोस्रो बजार**

समीक्षा वर्षमा दोस्रो बजारमा धितोपत्रको कारोवार रकम, बजार पुँजीकरण, बजार परिसूचक, सूचिकृत धितोपत्रको चुक्ता मूल्यमा उल्लेखनीय बृद्धि आई दोस्रो बजारमा उच्च बढोत्तरी भएको छ। आर्थिक वर्ष २०७१।७२ को अन्त्यमा ९६१.२३ विन्दु रहेको नेप्से परिसूचक २०७२।७३ आषाढ मसान्तमा ७८.७४ प्रतिशतले वृद्धि भई १,७१८.१५ विन्दु पुगेको छ। साथै, दोस्रो बजारको कारोबार रकममा १५०.९६ प्रतिशत, दैनिक औसत कारोबार रकममा १३३.३५ प्रतिशत, कारोवार भएको सेयर संख्यामा ८९.१० प्रतिशतले वृद्धि आएको छ। २३३ दिन कारोवार भएको समीक्षा वर्षमा रु.७० करोड ६६ लाखको दैनिक औसत कारोबार भएको छ। यसैगरी बजार पुँजीकरण ९१.०३ प्रतिशतले वृद्धि भई रु.१८ खर्ब ९० अर्ब पुगेको छ। समीक्षा वर्षमा कुल कारोबार रकम र बजार पुँजीकरणको अनुपात ८.६७ प्रतिशत रहन गएको छ। समीक्षा वर्षको अन्त्यमा बजार पुँजीकरण र कुल

गार्हस्थ उत्पादनको अनुपात करिब ८४.०५ प्रतिशत रहेको छ। तर निष्काशित साधारण सेयर (Floated Share) को आधारमा यो अनुपात एक तिहाई (करीब ३१.९७ प्रतिशत) मात्र रहेको छ।आर्थिक वर्ष २०७२।७३ मा थप १५ कम्पनीहरु सूचीकरण भई सूचीकृत कम्पनीको संख्या २२९ पुगेको छ। सूचिकृत संगठित संस्थाहरुको संख्यामा १.२९ प्रतिशतले कमी आएको छ जुन गत आर्थिक वर्षमा २३२ रहेको थियो। यस आर्थिक वर्षमा एक आपसमा मर्ज तथा प्राप्तिका कारण १८ कम्पनी सूचिकरणबाट हटेकोले सूचिकृत संगठित संस्थाको संख्यामा कमी आएको हो। दोस्रो बजारको समष्टिगत अवस्था तालिका-४ मा प्रस्तुत गरिएको छ।

**तलिका-४**

**दोस्रो बजार सूचकांकहरु**

| विवरण | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|
| | २०७०।७१ | २०७१।७२ | २०७२।७३ | २०७१।७२ | २०७२।७३ |
| सूचिकृत संगठित संस्थाको कुल संख्या | २३३ | २३२ | २२९ | (०.४३) | (१.२९) |
| कुल सूचिकृत धितोपत्रको संख्या (करोडमा) | १६०.७७ | २५५.३१ | ३६४.२९ | ३७.६७ | ४२.६८ |
| धितोपत्रको वार्षिक कारोवार (रु. अर्बमा) | ७७.३० | ६५.३३ | १६३.९५ | (१५.४९) | १५०.९६ |
| औसत दैनिक कारोवार रकम (रु. करोडमा) | ३३.६८ | ३०.२९ | ७०.६६ | (१०.०७) | १३३.२८ |
| कुल कारोवार भएको दिन | २३० | २१६ | २३३ | (६.०९) | ७.८७ |
| कारोवार भएको स्कीप्ट संख्या | २६९ | २७१ | २७४ | ०.७४ | १.११ |
| कारोवार भएको कुल सेयर संख्या (रु. करोडमा) | २१.४१ | १५.९७ | ३०.२० | (२५.४२) | ८९.१० |
| कारोवार संख्या | ५६६३९० | ४७७२७८ | ८३१९९७ | (१५.७३) | ७४.३२ |
| सूचिकृत धितोपत्रको बजार पुँजीकरण (रु. अर्बमा) | १०५७.१७ | ९८९.४० | १८९० .१३ | (६.४१) | ९१.०४ |
| सूचिकृत धितोपत्रको फ्लोट बजार पुँजीकरण (रु. अर्बमा) | ३३१.०६ | २८१.७८ | ७१८.९६ | (१४.८८) | १५५.१५ |
| बजार पुँजीकरणमा कारोवारको प्रतिशत | ७.३१ | ७.७२ | ८.६७ | ५.६१ | १२.३० |
| कुल गार्हस्थ उत्पादनमा बजार पुँजीकरणको प्रतिशत | ६०.११ | ५२.३७ | ८४.०५ | (१२.८८) | ६०.४९ |
| कुल गार्हस्थ उत्पादनमा फ्लोट पुँजीकरणको प्रतिशत | १८.८२ | १४.९१ | ३१.९७ | (२०.७६) | ११४.४२ |
| नेप्से परिसुचक | १०३६.११ | ९६१.२३ | १७१८.१५ | (७.२३) | ७८.७४ |
| नेप्से सेन्सिटिभ परिसुचक | २२२.४५ | २०४.६७ | ३६९.०७ | (७.९९) | ८०.३२ |
| नेप्से फ्लोट परिसुचक | ७३.११ | ६८.४७ | १२५.४१ | (६.३५) | ८३.१६ |

स्रोत: नेपाल स्टक एक्सचेन्ज लि।

## धितोपत्रको कारोबार

समीक्षा वर्षमा धितोपत्र कारोबारमा १५०.९६ प्रतिशतले बृद्धि भई रु.१६३ अर्ब ९५ करोडको कारोबार भएको छ जुन अघिल्लो आर्थिक वर्षमा रु. ६५ अर्ब ३३ करोड रहेको थियो। त्यसैगरी यस आर्थिक वर्षमा कारोवार भएको कुल सेयर संख्यामा अघिल्लो वर्षको तुलनामा ८९.०९ प्रतिशतले बृद्धि भई करीब ३० करोड कित्ता पुगेको छ। समीक्षा वर्षमा दैनिक औसत कारोबार रु.७० करोड ६६ लाख भएको छ। गत आर्थिक वर्षमा दैनिक औसत कारोबार रु.३० करोड २८ लाख मात्र भएको थियो। यसरी अघिल्लो आर्थिक वर्षमा केही ह्रास आएको कारोवार रकम र सेयर संख्यामा यस आर्थिक वर्षमा उल्लेख्य वृद्धि भएको देखिन्छ। धितोपत्रको दोस्रो बजार कारोवार प्रबृत्ति चार्ट-३ मा प्रस्तुत गरिएको छ।

**चार्ट-३**

**धितोपत्रको वार्षिक कारोवार रकम**




**बजार पुँजीकरण**

गत आर्थिक वर्षको अन्त्यमा रु.८ खर्ब ४६ अर्ब रहेको बजार पुँजीकरण यस वर्षको अन्त्यमा १२३.३३ प्रतिशतले बृद्धि भई रु.१८ खर्ब ९० अर्ब कायम भएको छ । बजार पुँजीकरणमा कुल कारोबार रकमको अनुपात ८.६७ प्रतिशत रहेको देखिएतापनि सर्वसाधारणलाई जारी गरिएको धितोपत्रको आधारमा गणना गरिने फ्लोटेड बजार पुँजीकरणमा भने यो अनुपात करीब २२.८० प्रतिशत रहेको छ। उक्त अनुपात गत आर्थिक वर्षमा ७.७२ प्रतिशत रहेको थियो । बजार पुँजीकरणको प्रबृत्ति चार्ट-४ मा प्रस्तुत गरिएको छ ।

**चार्ट-४**

**बजार पुँजीकरण**




**नेप्से परिसूचक**

आर्थिक वर्ष २०७१।७२ को अन्त्यमा ९६१.२३ विन्दु रहेको नेप्से परिसूचकमा ७८.७४ प्रतिशतले वृद्धि आई आर्थिक वर्ष २०७२।७३ आषाढ मसान्तमा १७१८.१५ विन्दु पुगेको छ । आर्थिक वर्ष २०७२।७३ मा २०७२ साउन ६ गतेका दिन नेप्से परिसूचक सबैभन्दा न्युन ९६३.२३ विन्दुमा झरेको र सोही अवधिमा सबैभन्दा उच्च २०७३ आषाढ १५ मा १७२४.५९ बिन्दु पुगेको थियो । त्यस्तै, समीक्षा अवधिमा फ्लोट परिसूचक ८३.१६ प्रतिशतले बढेर १२५.४१ बिन्दु पुगेको छ । नेप्से परिसूचकको विगत १० वर्षको वार्षिक प्रवृत्ति चार्ट-५ मा प्रस्तुत गरिएको छ ।

**चार्ट–५**

**बजार परिसूचक**




**धितोपत्र सूचिकरण**

समीक्षा वर्षमा थप १५ (१२ विकास बैंक, २ जलविद्युत कम्पनी र १ अन्य समूहको कम्पनी) कम्पनीहरु नेप्सेमा सूचिकृत भएकोमा एक आपसमा मर्ज तथा प्राप्तिका कारण १२ कम्पनी सूचिकरणबाट हटेका कारण सूचिकृत कम्पनीको संख्या कम भई २२९ कायम भएको छ। गत वर्ष सूचिकृत कम्पनीको संख्या २३२ थियो। यस आर्थिक वर्षमा एक आपसमा मर्ज तथा प्राप्तिका कारण १८ कम्पनी सूचिकरणबाट हटेका छन्। उक्त अवधिमा रु.३७ अर्ब ९५ करोड ३ लाख रुपैयाँ बराबरका साधारण (प्राथमिक निष्काशन, थप निष्काशन, हकप्रद र बोनस) सेयर, रु.१ अर्ब ७० करोड बराबरको संस्थागत ऋणपत्रहरु र रु.१ अर्व बराबरको सामूहिक लगानी योजनाका एकाई सूचिकृत भएका छन्। धितोपत्र सूचिकरण सम्बन्धी विस्तृत विवरण निम्नानुसार रहेको छ :

**साधारण सेयर सूचिकरण:** आर्थिक वर्ष २०७२।७३ मा १२ विकास बैंक, २ जलविद्युत कम्पनी र १ अन्य समूहको कम्पनी गरी १५ संगठित संस्थाले रु.१२ अर्ब १७ करोड ३१ लाख रुपैयाँ बराबरको प्राथमिक निष्काशनको साधारण सेयर सूचिकरण गराएका छन्। अघिल्लो आर्थिक वर्षमा ७ संगठित संस्थाले रु.३ अर्ब २६ करोड ४४ लाख रुपैयाँ बराबरको साधारण सेयर सूचिकरण गराएका थिए। आर्थिक वर्ष २०७२।७३ मा १ बैंक, १ बीमा कम्पनी र १ वित्त कम्पनी गरी ३ संगठित संस्थाले रु.१ अर्ब ९५ लाख रुपैयाँ बराबरको थप निष्काशनको साधारण सेयर सूचिकरण गराएका छन्। त्यस्तै, आर्थिक वर्ष २०७२।७३ मा ६ वाणिज्य बैंक, १५ विकास बैंक, ५ बीमा कम्पनी, २ वित्त कम्पनी गरी २८ सूचिकृत संगठित संस्थाहरुले रु.३ अर्ब ७४ करोड ७७ लाख रुपैयाँ बराबरको हकप्रद सेयर सूचिकरण गराएका छन्। गत आर्थिक वर्षमा २६ सूचिकृत संगठित संस्थाहरुले रु.१ अर्ब ५३ करोड ९७ लाख रुपैयाँ बराबरको हकप्रद सेयर सूचिकरण गराएका थिए।

आर्थिक वर्ष २०७२।७३ मा २५ वाणिज्य बैंक, ६४ विकास बैंक, १६ वित्त कम्पनी, १८ बीमा कम्पनी, १ जलविद्युत, १ व्यापार र ३ होटल गरी १२८ सूचिकृत संगठित संस्थाहरुले रु.२१ अर्ब २ करोड रुपैयाँ बराबरको बोनस सेयर सूचिकरण गराएका छन्। अघिल्लो आर्थिक वर्षमा ११० सूचिकृत संगठित संस्थाहरुले रु.१३ अर्ब १० करोड ८३ लाख रुपैयाँ बराबरको बोनस सेयर सूचिकरण गराएका थिए।

**ऋणपत्र सूचिकरणः** समीक्षा वर्षमा सूचिकृत संगठित संस्थाहरुमध्ये ३ वाणिज्य बैंकहरुले रु.१ अर्व ७० करोड रुपैयाँ बराबरको ऋणपत्र सूचिकरण गराएका छन् । अघिल्लो आर्थिक वर्षमा २ वाणिज्य बैंकले रु.१ अर्व २५ करोड रुपैयाँ बराबरको ऋणपत्र सूचिकरण गराएका थिए ।

**सामूहिक लगानी योजना सूचिकरणः** समीक्षा वर्षमा रु.१ अर्व रुपैयाँको एउटा सामूहिक लगानी योजना सूचिकरण भएको छ । अघिल्लो आर्थिक वर्षमा रु.३ अर्ब २५ करोड रुपैयाँ बराबरको ४ सामूहिक लगानी योजना सूचिकरण भएका थिए ।

### सूचिकृत धितोपत्रको चुक्ता मूल्य

समीक्षा वर्षमा सूचिकृत कम्पनीहरुको चुक्ता मूल्य रु.३२१ अर्ब ८२ करोड रहेको छ । अघिल्लो आर्थिक वर्षको चुक्ता मूल्य रु.२१० अर्ब ५८ करोड रहेको थियो । समीक्षा वर्षको धितोपत्रको चुक्ता मूल्यमा अघिल्लो आर्थिक वर्षको तुलनामा ५२.८३ प्रतिशतले वृद्धि आएको छ ।

### सूचिकृत संगठित संस्थाहरुको वर्गीकरण

समीक्षा वर्षमा नेपाल स्टक एक्सचेञ्ज लि. ले २६ वाणिज्य बैंक, ५७ विकास बैंक, २५ वित्त कम्पनी, १७ बीमा कम्पनी, १ होटल, ३ जलविद्युत, १ उत्पादन तथा प्रशोधन, १ अन्य समूहको कम्पनी गरी जम्मा १३१ सूचिकृत संगठित संस्थाहरुलाई "क" वर्गमा वर्गीकरण गरेको छ ।

### सूचिकृत संगठित संस्थाहरुको समूहगत विवरण

सूचिकृत संगठित संस्थाहरुलाई विभिन्न ९ समूहहरुमा विभाजन गरिएको छ । समीक्षावर्षमा नेपाल स्टक एक्सचेन्जमा सूचिकृत कुल २२९ संगठित संस्थाहरुमध्ये २९ वाणिज्य बैंक, ९५ विकास बैंक, ४६ वित्त कम्पनी, २२ बिमा कम्पनी, ४ होटल, १८ उत्पादन तथा प्रशोधन कम्पनी, ४ व्यापार कम्पनी, ८ जलविद्युत कम्पनी र ३ अन्य कम्पनीहरु रहेका छन् । सूचिकृत संगठित संस्थाहरुको समूहगत विवरण तालिका-५ मा प्रस्तुत गरिएको छ ।

**तालिका-५**

**समूहगत सूचिकृत संगठित संस्था**

| क्र. सं. | समूह | सूचिकृत संगठित संस्थाको संख्या | संरचना प्रतिशत |
|---|---|---|---|
| १ | वाणिज्य बैंक | २९ | १२.६६ |
| २ | विकास बैंक | ९५ | ४१.४८ |
| ३ | वित्त कम्पनी | ४६ | २०.०९ |
| ४ | बीमा कम्पनी | २२ | ९.६१ |
| ५ | उत्पादन तथा प्रशोधन | १८ | ७.८६ |
| ६ | होटल | ४ | १.७५ |
| ७ | व्यापार कम्पनी | ४ | १.७५ |
| ८ | जलविद्युत | ८ | ३.४९ |
| ९ | अन्य | ३ | १.३१ |
| | जम्मा | २२९ | |

स्रोत:नेपाल स्टक एक्सचेञ्ज लि.।

**ओटिसी बजारको कारोबार**

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११७ ले दिएको अधिकार प्रयोग गरी धितोपत्र बजार संचालन नियमावली, २०६४ को नियम २३ को प्रयोजनका लागि बोर्डको स्वीकृति लिई नेपाल स्टक एक्सचेन्ज लि.ले ओटिसी बजार संचालन विनियमावली, २०६५ मिति २०६५।०२।२२ देखि लागू गरेको थियो । तत्पश्चात् नेपाल बैंक लि. लगायत अन्य एक दुई कम्पनीको कारोवार भएतापनि लामो समयदेखि निष्कृय रहेको उक्त बजारमा समीक्षा वर्षमा बोर्डले मिति २०७२।०९।०६ मा नेपाल स्टक एक्सचेन्ज लि.मा सूचिकृत नभएका पब्लिक कम्पनीहरुको धितोपत्रको खरिद विक्री ओटिसी बजारमा गर्न सकिने जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयमा दिनुको साथै बोर्डले नेपाल स्टक एक्सचेन्ज लि.लाई ओटिसी बजार व्यवस्थित गर्न निर्देशित गरेकोमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७२।१०।१८ मा धितोपत्र बजारमा सूचिकरण नभएका कम्पनी, धितोपत्र बजारबाट सूचिकरण खारेज गरिएका तथा सूचिकरणका लागि आवश्यक शर्तहरु पूरा गर्न नसकी सूचिकरण हुन नसकेका पब्लिक लिमिटेड कम्पनीहरुको सेयर नामसारी ओटिसि बजारमार्फत् गर्न सकिने सूचना प्रकाशन भएपश्चात् समिक्षा वर्षमा ओटिसि बजारमा कुल १,२९,१९,३३१ कित्ता सेयर कारोबार भएको छ ।

**केन्द्रीय निक्षेप सेवा**

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ बमोजिम मिति २०६८।०५।०७ मा केन्द्रीय निक्षेप सेवा सञ्चालनका लागि अनुमति पत्र प्रदान गरिएको सिडिएस एण्ड क्लियरिङ्ग लि. ले आर्थिक वर्ष २०७२।७३ मा थप १३ वटा कम्पनीहरुलाई निक्षेप सदस्यताको रुपमा दर्ता गरी कुल ५६ वटा निक्षेप सदस्यमार्फत् ६० वटा जिल्लामा निक्षेप सेवा प्रदान गर्दै आएको छ । समीक्षा वर्षमा ३,५१,४२५ डिम्याट खाता खोलि कुल डिम्याट खाता संख्या ३,९२,३५९ पुगेको छ जुन गत आर्थिक वर्षको तुलनामा करिब ८ गुणाले बढी हो । यस्तै समीक्षा वर्षमा ९०,७७,६६,२७३ कित्ता सेयर अभौतिकीकरण भई कुल ९३,०३,९९,६५५ कित्ता सेयर अभौतिकृत भएका छन् जुन गत आर्थिक वर्षको तुलनामा करिब ३९ गुणाले बढी हो । विगत ५ वर्षको धितोपत्र बजारको अभौतिकीकरण तालिका-६ मा प्रस्तुत गरिएको छ ।

**तालिका-६**
**धितोपत्र अभौतिकीकरणको अवस्था**

| क्र.स. | विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०६८।६९ | २०६९।७० | २०७०।७१ | २०७१।७२ | २०७२।७३ |
| १. | निक्षेप सदस्यको संख्या | २ | ८ | १० | ४४ | ५६ |
| २. | दर्ता कम्पनीको संख्या | - | १२ | १६ | ११३ | २०५ |
| ३. | हितग्राही डिम्याट् खाताको संख्या | - | २५६ | ५३४ | ४०,९३४ | ३,९२,३५९ |
| ४. | अभौतिकृत धितोपत्रको संख्या | - | ६,५६१ | १,८०,४६७ | २,२६,३३,३८२ | ९३,०३,९९,६५५ |

स्रोत: सिडिएस एण्ड क्लियरिङ्ग लि. ।

**सिडिएस एण्ड क्लियरिङ्ग लि. लाई ANNA को सदस्यता** : बोर्डले सिडिएस एण्ड क्लियरिङ्ग लि. लाई Association of National Numbering Agencies (ANNA) सदस्यता लिन अधिकार प्रत्यायोजन गरेकोमा बोर्डको समन्वय एवं सकृयतामा जुन २०१६ मा सिडिएस एण्ड क्लियरिङ्ग लि. ANNA को ९२ औं सदस्य भएको छ ।

### क्रेडिट रेटिङ सेवा

क्रेडिट रेटिङ्ग नियमावली, २०६८ बमोजिम कुनैपनि संगठित संस्थाले कम्तिमा तीन करोड रुपैयाँ भन्दा बढी मूल्यको सेयरको सार्वजनिक तथा हकप्रद सेयर निष्काशन, ऋणपत्र निष्काशन, अग्राधिकार सेयर निष्काशन, अंकित मूल्यमा प्रिमियम थप गरी गर्ने निष्काशनहरुको क्रेडिट रेटिङ्ग गराउनुपर्ने व्यवस्था अनुरुप बोर्डले मिति २०६९।०६।१७ मा व्यवसायको लागि अनुमति प्रदान गरेको इक्रा नेपाल लि.ले आर्थिक वर्ष २०७२।७३ मा जम्मा ४९ रेटिङ्ग/ग्रेडिङ्ग सेवा प्रदान गरेको छ जुन गत आर्थिक वर्षमा प्रदान गरेको ३४ रेटिङ्ग/ग्रेडिङ्ग सेवाको तुलनामा ४४.११ प्रतिशतको बृद्धि हो। विगतमा रेटिङ्ग गरिएकामध्ये ७ वटा रेटिङ्ग कार्यको अनुगमन कार्यसमेत यस आर्थिक वर्षमा सम्पन्न भएको छ। आर्थिक वर्ष २०६९।७० को उत्तरार्द्धबाट सेवा दिन शुरु गरेको उक्त रेटिङ्ग संस्थाले आर्थिक वर्ष २०७२।७३ सम्ममा ११४ रेटिङ्ग/ग्रेडिङ्ग सेवा प्रदान गरेको छ जसमध्ये १३ बण्ड रेटिङ्ग, ७ निष्काशनकर्ता रेटिङ्ग र ६ कोष व्यबस्थापक रेटिङ्ग तथा ८८ इक्वीटि (Equity) ग्रेडिङ्ग (३० प्राथमिक निष्काशन, ५५ हकप्रद तथा ३ फर्दर पब्लिक अफर ग्रेडिङ्ग) रहेका छन्। इक्रा नेपाल लि.ले विगत ४ वर्षमा प्रदान गरेको रेटिङ्ग कार्य तालिका-७ मा प्रस्तुत गरिएको छ।

**तालिका-७**
**रेटिङ्ग सेवा**

| क्र.सं | विवरण | २०६९।७० | २०७०।७१ | २०७१।७२ | २०७२।७३ | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ऋणपत्रको रेटिङ्ग | ३.०० | ३.०० | ६.०० | १.०० | १३.० |
| २ | जारीकर्ता कम्पनीको रेटिङ्ग | १.० | ३.० | १.० | २.० | ७.० |
| ३ | कोष व्यवस्थापनको गुणस्तर रेटिङ्ग | - | ३.० | १.० | २.० | ६.० |
| ४ | थप निष्काशन | - | - | - | ३.० | ३.०० |
| ५ | प्राथमिक निष्काशन | ३.०० | ६.०० | ७.०० | १४.०० | ३०.०० |
| ६ | हकप्रद निष्काशन | २.०० | ७.०० | १९.०० | २७.०० | ५५.०० |
| | कुल जम्मा | | | | | ११४ |

स्रोत: ईक्रा नेपाल लि.।

### २.३ धितोपत्र बजार सम्बन्धी नीति तथा कार्यक्रम

हालका वर्षहरुमा धितोपत्र बजारमा जनताको आकर्षणमा बृद्धि भएअनुसार देशको नीति तथा कार्यक्रमहरुमा धितोपत्र बजारलाई प्राथमिकतामा पारिएको देखिन्छ। आर्थिक वर्ष २०७२।७३ को बजेट बक्तव्यमा धितोपत्र बजार सम्बन्धमा निम्नानुसारका कार्यक्रमहरु घोषणा भएका थिए :-

- पुँजीबजारको संस्थागत विकासका लागि धितोपत्रको दोस्रो बजार प्रभावकारी बनाउन नागरिक लगानी कोषलाई सक्रिय गराइने छ।
- वित्तीय क्षेत्र विकास रणनीति आर्थिक वर्ष २०७२।७३ देखि कार्यान्वयनमा ल्याइने छ।

आर्थिक वर्ष २०७३।७४ को बजेट बक्तव्यमा धितोपत्र बजार सम्बन्धमा निम्नानुसारको कार्यक्रमहरु समवेश भएका छन्:

- व्यवस्थापिका संसदमा विचाराधीन कमोडिटी बजारसम्बन्धी विधेयक आगामी आर्थिक वर्षमा व्यवस्थापिका संसदमा प्रस्तुत गरिनेछ।
- पुंजी बजारमा उत्पादनमुलक कम्पनीहरुलाई सूचिकृत हुन प्रोत्साहित गर्न पब्लीक कम्पनीको रुपमा स्थापना हुने उद्योग व्यवसायलाई आयकरमा १५ प्रतिशत छुट दिने व्यवस्था मिलाइएको छ।

साथै, राष्ट्रपतिद्वारा संबोधन गरिएको आर्थिक वर्ष २०७३।७४ को नेपाल सरकारको नीति तथा कार्यक्रममा पहिलोपटक धितोपत्र बजार सम्बन्धी निम्नानुसारको कार्यक्रमहरु समावेश भएको छ:

- पुँजीबजारलाई देशको आर्थिक विकासको महत्वपूर्ण संयन्त्रको रुपमा विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बचत तथा लगानीलाई आकर्षित गर्न आधुनिक र विश्वसनीय पुँजीबजारको विकास गरिनेछ ।

समीक्षा वर्षमा बजेट बक्तव्य मार्फत घोषित धितोपत्र बजार सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयन गर्ने सम्बन्धमा नेपाल सरकारबाट तयार भैरहेको समग्र वित्तीय क्षेत्र विकास रणनीति अन्तर्गत पुँजीबजारसँग सम्बन्धित रणनीति तयारीका लागि बोर्डमा एक उपसमिति गठन गरिएकोमा समितिले पुँजीबजारका विविध पक्षहरु समेटी पाँच वर्षीय पुँजीबजार विकास रणनीति तयार गरी प्राविधिक समितिमा पेश गरेको छ र बजारमा स्थायित्व कायम गर्ने उद्देश्यले नागरिक लगानी कोषलाई संस्थागत लगानीकर्ताको रुपमा दोस्रो बजारमा सहभागिता गराउने सन्दर्भमा नेपाल सरकार अर्थ मन्त्रालयको समेत प्रतिनिधित्वमा प्राविधिक पक्षको अध्ययन गर्न बोर्डले एक प्राविधिक समिति गठन गरेकोमा समितिको प्रतिवेदनमार्फत् प्राप्त सुझाव अनुरुप कार्य अगाडि बढाइएको छ ।

# भाग ३
# नेपाल धितोपत्र बोर्डको प्रशासनिक तथा वित्तीय अवस्था

## ३.१ स्थापना

नेपालमा १९९४ सालमा विराटनगर जुट मिल्स र नेपाल बैंक लिमिटेडले प्रथम पटक सर्वसाधरणलाई धितोपत्र निष्काशन गरेपश्चात् धितोपत्र बजारको सुरुवात भएको हो । २०३३ सालमा धितोपत्र खरिद बिक्री केन्द्र (Securities Marketing Centre) को स्थापना भएपछि सरकारी ऋणपत्रको दैनिक खरिद बिक्रीको व्यवस्थाबाट धितोपत्र बजारको संस्थागत विकास भएको हो । केन्द्रको भूमिका स्थापनाको उद्देश्य अनुरुप नभएको महसुश गरी नेपाल सरकारले जारी गरेका धितोपत्रहरु खरिद बिक्री गर्ने गराउने उचित व्यवस्थाका लागि आवश्यक कानुनी व्यवस्था गर्न २०४० सालमा धितोपत्र कारोवार ऐन जारी गरियो ।

२०४६ सालपछि नेपालले अवलम्वन गरेको आर्थिक उदारीकरणको नीति पश्चात् पुँजी बजारमा निजी क्षेत्रको प्रवेश शुरु भयो जसले गर्दा धितोपत्र खरिद बिक्री केन्द्र आफैले बजार व्यवस्थापन र नियमनको कार्य गर्दा हुन सक्ने Conflict of Interest समेत लाई ध्यानमा राखी २०४९ सालमा धितोपत्र कारोवार ऐन, २०४० लाई संशोधन गरी धितोपत्र बजारको स्वायत्त नियमनकारी निकायको रुपमा नेपाल सरकारबाट २०५० साल जेष्ठ २५ गते नेपाल धितोपत्र वोर्डको स्थापना भएको हो ।

२०६३ सालमा धितोपत्र कारोवार ऐन, २०४० खारेज गरी देशको आर्थिक विकासका लागि पुँजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्न धितोपत्रको निष्काशन, खरिद, बिक्री, वितरण तथा विनिमयलाई व्यवस्थित वनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरुको काम कारवाहीलाई नियमित तथा व्यवस्थित गर्ने उद्देश्य सहित धितोपत्र सम्वन्धी ऐन, २०६३ जारी गरियो । तत्पश्चात नयाँ ऐन बमोजिम नेपाल धितोपत्र वोर्डले स्वशासित र संगठित संस्थाको रुपमा समग्र पुँजी बजारको नियमन भूमिका निर्वाह गर्दै आइरहेको छ ।

## ३.२ उद्देश्य तथा कार्यहरु

देशको आर्थिक विकासको लागि आवश्यक पुँजी परिचालन गर्न पुँजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरुको हित संरक्षण गर्न धितोपत्रको निष्काशन, खरिद, बिक्री, वितरण तथा विनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरुको काम कारबाहीलाई नियमित तथा व्यवस्थित गर्ने उद्देश्यले धितोपत्र सम्बन्धी ऐन, २०६३ अनुसार नेपाल धितोपत्र बोर्डको स्थापना भएको हो । उपर्युक्त उद्देश्य प्राप्तिका लागि बोर्डले देहाय बमोजिमका कार्यहरु गर्दछ :

- धितोपत्र सार्वजनिक रुपमा निष्काशन गर्न सक्ने गरी स्थापना भएको संगठित संस्थाको धितोपत्र दर्ता गर्ने ।
- धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिने विवरणपत्र स्वीकृत गर्ने ।
- धितोपत्र बजार संचालन गर्न चाहने संगठित संस्थालाई धितोपत्र बजार संचालन गर्न अनुमति दिने ।
- धितोपत्र बजार तथा धितोपत्र व्यवसायीका काम कारबाहीको नियमन गर्ने ।
- धितोपत्र व्यवसाय संचालन गर्न चाहने कम्पनी वा संस्थालाई धितोपत्र व्यवसाय संचालन गर्न अनुमतिपत्र दिने ।
- सामूहिक लगानी कोष संचालन गर्न स्वीकृति दिने ।
- धितोपत्र सम्बन्धी आवश्यक नियम, विनियम तथा निर्देशिकाहरु बनाउने ।
- धितोपत्र विनिमय बजार, धितोपत्र व्यवसायी, धितोपत्र कारोबार तथा समग्र धितोपत्र बजारको सुपरिवेक्षण गर्ने ।
- नियमन व्यवस्थाको पालना नगर्ने संस्थाहरुलाई ऐन, नियम अनुसार कारवाही अगाडि बढाउने ।

- धितोपत्र बजार सम्बन्धमा अध्ययन, अनुसन्धान गरी आवश्यक निर्देशन दिने तथा चेतना अभिवृद्धिमूलक कार्यक्रम सञ्चालन गर्ने ।
- धितोपत्र बजारसँग सम्बन्धित विषयमा नीति तथा कार्यक्रम तर्जुमा गर्न नेपाल सरकारलाई आवश्यक परामर्श दिने ।
- धितोपत्र तथा पुँजी बजार विकासका सम्बन्धमा आवश्यक अन्य कार्यहरु गर्ने गराउने ।

### ३.३ सञ्चालक बोर्ड

नेपाल धितोपत्र बोर्डमा विभिन्न सरकारी तथा निजी क्षेत्रका निकायहरुको प्रतिनिधित्व रहने गरी ७ सदस्यीय बोर्ड हुने व्यवस्था रहेको छ । बोर्डमा पूर्णकालीन कार्य गर्ने गरी नेपाल सरकारद्वारा नियुक्त अध्यक्षका साथै नेपाल सरकार, अर्थ मन्त्रालयका सह-सचिव, नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सह-सचिव, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक, नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) का उपाध्यक्ष तथा धितोपत्र बजार, व्यवस्थापन, पुँजीबजार विकास, वित्तीय वा आर्थिक क्षेत्रसँग सम्बन्धित विज्ञहरूमध्येबाट नेपाल सरकारले मनोनित गरेको व्यक्ति विज्ञ सदस्य रहने व्यवस्था रहेको छ ।

बोर्डमा नेपाल सरकार, अर्थ मन्त्रालयको तर्फबाट सह-सचिव श्री मधुसुदन पोखरेलले प्रतिनिधित्व गर्दै आउनुभएकोमा मिति २०७२।११।०४ देखि सोही मन्त्रालयको सह-सचिव श्री आनन्दराज ढकालले प्रतिनिधित्व गर्नुभएको छ । नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सहसचिव श्रीमती लीला देवी गड्तौलाले प्रतिनिधित्व गर्दै आउन ुभएकोमा मिति २०७२।१२।१२ देखि सोही मन्त्रालयका सह–सचिव श्री डिल्लीराज घिमिरेले प्रतिनिधित्व गर्नुभएको छ । नेपाल राष्ट्र बैंकबाट कार्यकारी निर्देशक श्री शिवनाथ पाण्डेले प्रतिनिधित्व गर्दै आउनुभएकोमा मिति २०७३।०२।१० देखि सोही बैंकको कार्यकारी निर्देशक श्री नर बहादुर थापाले प्रतिनिधित्व गर्नुभएको छ । यस्तै बोर्डका विज्ञ सदस्यको रुपमा श्री निल बहादुर सारु मगरले मिति २०७२।१२।०५ देखि प्रतिनिधित्व गर्नुभएको छ । नेपाल उद्योग वाणिज्य महासंघबाट श्री दिनेश श्रेष्ठले मिति २०७१।०२।२२ देखि प्रतिनिधित्व गर्दै आइरहनुभएको छ । समीक्षा वर्षमा कार्य बोझ बढे अनुसार संचालक बोर्डको बैठक ३३ पटक बसेको छ । गत आर्थिक वर्षमा संचालक बोर्डको बैठक २४ पटक बसेको थियो ।

### ३.४ संगठन संरचना तथा जनशक्ति व्यवस्थापन

पुँजी बजारको दायरा दिन प्रति दिन बढ्दै गइरहेको परिप्रेक्ष्यमा धितोपत्र बजार, सूचिकृत संगठित संस्था, धितोपत्रको केन्द्रीय निक्षेप कम्पनी, निक्षेप सदस्य, सामूहिक लगानी कोष, क्रेडिट रेटिङ्ग कम्पनी, धितोपत्र दलाल तथा मर्चेण्ट बैंकरहरु र सेयर रजिष्ट्रार गरी ३७० भन्दा बढी कम्पनीको नियमन तथा सुपरिवेक्षण गर्नुपर्ने जिम्मेवारी बोर्डले पूरा गर्दै आइरहेको छ । आफ्नो जिम्मेवारीलाई प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि बोर्डले आफ्नो संस्थागत क्षमतामा समयानुकूल अभिवृद्धि गर्नु पर्ने कुरालाई मध्यनजर गर्दै विद्यमान संगठन संरचनाको ढाँचामा पुनरावलोकन गरी नयाँ संगठन संरचना लागू गरेको छ । उक्त संगठन संरचना अनुसारको आवश्यक दरबन्दी पूर्ति गर्न बोर्डले समीक्षा वर्षमा नयाँ संबैधानिक व्यवस्था अनुसार लोकसेवा आयोगको सामान्य सिद्धान्त बमोजिम लोकसेवा आयोग समेतको संलग्नतामा लिखित तथा मौखिक परीक्षा सम्पन्न गरी निर्देशक १, उप निर्देशक ७, अधिकृत ११ तथा सहायक तहमा ८ गरी कुल २७ नयाँ कर्मचारीहरुको पदपूर्ति गरेको छ । बोर्डमा हाल जम्मा ५३ जना कर्मचारीहरु कार्यरत रहेका छन् । बोर्डको विभागमा कार्यकारी निर्देशक २, महाशाखामा निर्देशक ४, शाखामा उप निर्देशक ८ र उपशाखामा अधिकृत १५ रहेका छन् । बोर्डको नयाँ संगठन संरचना अनुसूची-६ मा प्रस्तुत गरिएको छ ।

### ३.५ समितिहरु

बोर्डको काम कारवाहीहरूलाई प्रभावकारी रुपमा सम्पादन गर्न तथा आवश्यक सहयोगका लागि बोर्डमा विभिन्न स्थायी तथा अस्थायी प्रकृतिका समितिहरू कार्यरत रहेका छन् । यी समितिहरुले आर्थिक वर्ष २०७२।७३ मा गरेका कामकारवाहीहरु निम्नानुसार रहेका छन् :

#### ३.५.१ कानुन तथा प्रवलीकरण समिति

बोर्डबाट तयार गर्नुपर्ने विभिन्न नियमावली, निर्देशिका तथा अन्य कानुनी व्यवस्थाहरुको मस्यौदा तयार गर्न तथा बोर्ड समक्ष पेश भएका जटिल कानुनी विषयका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गरी परामर्श दिनको साथै धितोपत्र सम्बन्धी ऐन नियमको पालनालाई प्रभावकारी गराउने जस्ता काम कारबाहीको लागि नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट प्रतिनिधित्व गर्नु हुने बोर्ड सदस्य संयोजक रहेको कानुन तथा प्रवलीकरण समिति (Legal and Enforcement Committee) रहेको छ । उक्त समितिमा बोर्डको नियमन तथा व्यवस्थापन विभागका प्रमुख तथा कानुन तथा प्रबलीकरण महाशाखाका प्रमुख सदस्य तथा एक वाह्य विज्ञ सदस्य हुनुहुन्छ । आर्थिक वर्ष २०७२।७३ मा उक्त समितिले निम्न कार्यहरु गरेको छ :

- नेपाल स्टक एक्सचेन्ज लि.बाट प्राप्त उक्त संस्थाको कर्मचारी सेवा शर्त विनियमावली पुनरावलोकन गरेको ।
- क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को संशोधन सम्बन्धमा आवश्यक कार्य अगाडि बढाइएको ।

#### ३.५.२ वित्तीय प्रशासन तथा सूचना विश्लेषण समिति

बोर्डको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी अन्तिम रुप दिन, वार्षिक बजेट तथा खर्चको आवधिक रुपमा पुनरावलोकन गर्न तथा लेखापरिक्षकबाट प्राप्त लेखापरीक्षण प्रतिवेदन अध्ययन गरी सो सम्बन्धी प्रत्युत्तर मस्यौदालाई अन्तिम रुप दिई लेखापरीक्षण प्रतिवेदनलाई अन्तिम रुप दिने तथा वित्तीय सूचना विश्लेषण र वित्तीय प्रशासन सम्बन्धी अन्य कार्यहरु गर्न बोर्डमा वित्तीय प्रशासन तथा सूचना विश्लेषण समिति रहेको छ । उक्त समितिमा नेपाल चार्टड एकाउन्टेन्टस् संस्थाबाट बोर्डमा प्रतिनिधित्व गर्नुहुने बोर्ड सदस्य संयोजक रही बोर्डको नियमन तथा व्यवस्थापन विभागका प्रमुख र बोर्डको वित्तीय व्यवस्थापन शाखा प्रमुख सदस्य सचिव रहेका छन् । आर्थिक वर्ष २०७२।७३ मा उक्त समितिले देहाय बमोजिमको कार्यहरु गरेको छ :

- बोर्डको आर्थिक वर्ष २०७३।७४ को बजेटको मस्यौदा तयार गरेको ।
- लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको अध्ययन गरी सोको प्रत्युत्तर तयार गरेको ।
- बोर्डको रहेको लगानीयोग्य रकमलाई विभिन्न बैंकहरुमा राख्नका लागि सिफारिश गरेको ।

#### ३.५.३ लेखापरीक्षण समिति

बोर्डको वित्तीय विवरणको पुनरावलोकन सम्बन्धमा संचालक समितिलाई सहयोग गर्न, बोर्डको नियम पालनाको अवस्थाको पुनरावलोकन सम्बन्धमा संचालक समितिलाई सहयोग पुऱ्याउन, आर्थिक पारदर्शिता र संस्थागत सुशासनलाई मजबुत बनाउन, आन्तरिक लेखापरीक्षकको नियुक्ति गर्न, पारिश्रमिक तथा सुविधा निर्धारण गर्न, स्वतन्त्र लेखापरीक्षकको लेखापरीक्षण प्रकृया निर्धारण गर्न तथा मूल्याकंन गर्ने जस्ता कार्यहरु गर्नका लागि नेपाल चाटर्ड एकाउन्टेन्टस् संस्थाबाट बोर्डमा प्रतिनिधित्व गर्नुहुने बोर्ड सदस्य संयोजक रही, नेपाल राष्ट्र बैंकको तर्फबाट बोर्डमा प्रतिनिधित्व गर्नुहुने बोर्ड सदस्य तथा बोर्डको नियमन तथा व्यवस्थापन विभाग प्रमुख सदस्य रहने गरी लेखापरीक्षण समिति रहेको छ ।

### ३.५.४ अन्य समितिहरु

उपर्युक्त स्थायी प्रकृतिका बाहेक यस आर्थिक वर्षमा थप सेयर निष्काशन (Further Public Offering - FPO) सम्बन्धी मूल्य निर्धारण समिति, Account Supported by Blocked Amount (ASBA) अध्ययन समिति, नागरिक लगानी कोषलाई संस्थागत लगानीकर्ताको रुपमा दोस्रो बजारमा सहभागिता गराउने सन्दर्भमा प्राविधिक पक्षको अध्ययन गर्न गठित समिति जस्ता विशेष प्रकृतिका काम गर्न केही अन्य समितिहरु गठन गरिएकोमा ती समितिहरुले तोकिए बमोजिमको कार्य सम्पन्न गरेका छन् ।

### ३.६ बोर्डको वित्तीय अवस्था

आर्थिक वर्ष २०७२।७३ मा बोर्डको आय व्ययको स्थिति सन्तोषजनक रहेको छ । समीक्षा वर्षमा बोर्डको आय अघिल्लो वर्षको दाँजोमा करीव ६७.८५ प्रतिशतले बढेको छ भने व्यय २.९१ प्रतिशतले मात्र बृद्धि भएको छ । समीक्षा वर्षमा बोर्डको वचत रकममा १४३.५७ प्रतिशतले बृद्धि भएको छ ।

समीक्षा वर्षमा बोर्डको कुल आय रु.१७ करोड ६३ लाख ४८ हजार रहेको छ भने कुल व्यय रु.५ करोड ८२ लाख १३ हजार रहेको छ । यसमध्ये आम्दानी तर्फ विशेषत धितोपत्र दर्ता तथा निष्काशनका लागि स्वीकृति प्रदान, सामूहिक लगानी योजना स्वीकृति, क्रेडिट रेटिङ्ग, सिडिएस कम्पनी, धितोपत्र बजार अनुमति पत्र, मर्चेन्ट बैकिङ्ग तथा ब्रोकर प्रमाणपत्र नवीकरण, धितोपत्र कारोबार दस्तुर, आवेदन शुल्क, विवरणपत्र प्रशोधन शुल्क र प्रमाणपत्र दर्ता शुल्क बाट रु.१५ करोड ७३ लाख ७९ हजार आम्दानी भएको छ भने व्याज आम्दानीबाट रु.१ करोड ८७ लाख ७० हजार र विविध आयतर्फ रु.२ लाख २० हजार प्राप्त भएको छ । अघिल्लो आर्थिक वर्षमा बोर्डको कुल आय रु.१० करोड ५० लाख ७५ हजार मात्र भएको थियो ।

खर्चतर्फ अघिल्लो वर्षमा कुल व्यय रु.५ करोड ६५ लाख ६५ हजार रहेकोमा समीक्षा वर्षमा कूल व्यय रु.५ करोड ८२ लाख १० हजार भएको छ । यसमध्ये कर्मचारी र अन्य प्रशासकीय खर्च तर्फ रु.५ करोड ६७ लाख १५ हजार खर्च भएको छ भने ह्रासकट्टी खर्च रु.१४ लाख ९७ हजार भएको देखिन्छ ।

अघिल्लो वर्षमा बचत रु.४ करोड ८५ लाख १० हजार भएकोमा समीक्षा वर्षमा यस्तो १४३.५७ प्रतिशतले बृद्धि भई वचत रु.११ करोड ८१ लाख ५७ हजार पुगेको छ । धितोपत्र दर्ता तथा निष्काशन आम्दानीमा बृद्धि तथा मर्चेन्ट बैकिङ्ग, क्रेडिट रेटिङ्ग कारोवारको आम्दानीमा भएको बृद्धिले गर्दा समीक्षा अवधिमा बोर्डको बचतमा वृद्धि भएको हो । बोर्डको आर्थिक वर्ष २०७२।७३ को अपरिष्कृत वासलात, आय-व्यय विवरण तथा नगद प्रवाह विवरण अनुसूची-७, ७ (क) तथा ७ (ख) मा प्रस्तुत गरिएको छ ।

### ३.७ अन्तर्राष्ट्रिय सम्बन्ध

समीक्षा वर्षमा बोर्डबाट धितोपत्र बजार नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (International Organisation of Securities Commissions - IOSCO) को सदस्यता लिनको लागि उच्च स्तरीय सर्वेक्षण (High Level Survey) को प्रत्युत्तर सम्लग्न गरी निवेदन प्रक्रिया अगाडि बढाइएकोमा २०१६ जुलाईमा बोर्डलाई IOSCO को एशोसियट सदस्यता प्राप्त भएको छ । IOSCO मा हाल १२६ साधारण सदस्य, २३ एशोसियट सदस्य र ६५ अफिलियट सदस्य रहेका छन् । त्यस्तै नेपालको धितोपत्र बजारको अन्तर्राष्ट्रियकरण गरी स्तर अभिबृद्धि गर्ने उद्देश्य अनुरुप वोर्डको समन्वयमा सिडिएस एण्ड क्लियरिङ्ग लि.ले Association of National Numbering Agencies (ANNA) को सदस्यता प्राप्त गरेको छ । आर्मेनियाको राजधानी यरेभानमा २०१६, जुन २ र ३ मा भएको ANNA

को साधारण सभाबाट उक्त लि.लाई ९२ औं सदस्यता प्रदान गरिएको छ । ANNA मा हाल नेपाल लगायत ९३ पूर्ण सदस्य तथा अन्य २७ पार्टनर रहेका छन् ।

सन् २०१० मा स्थापित Asia Forum for Investor Education (AFIE) को संस्थापक सदस्यको रुपमा बोर्डले भूमिका निर्वाह गर्दै आइरहेको छ । बोर्ड सार्क क्षेत्रका नियमन निकायहरुको संघ (South Asian Securities Regulators Forum- SASRF) को सदस्यको रुपमा अन्य सदस्य नियामक नियकायहरुसँग निरन्तर सम्बन्ध राख्दै आवश्यक ज्ञान तथा सूचनाहरु आदान प्रदान गर्नुका साथै सहयोग र समन्वय गर्दै आइरहेको छ ।

त्यस्तै बिश्व बैक, एशियाली विकास बैक, Asia Pasific Economic Cooperation (APEC), Toronto Centre तथा बिभिन्न देशका धितोपत्र बजारको नियामक निकायहरुले आयोजना गर्ने पुँजीबजार सम्बन्धी कार्यक्रमहरुमा बोर्डको सहभागिता रहँदै आएको छ ।

# भाग ४
# बोर्डका कामकारवाहीहरु

धितोपत्र बजार सुधार तथा विस्तारका लागि विभिन्न विकासात्मक कार्यका साथै समीक्षा वर्षमा बोर्डले धितोपत्र बजार, धितोपत्र व्यवसायी, सामूहिक लगानी कोष, डिपोजिटरी, निक्षेप सदस्य, क्रेडिट रेटिङ्ग तथा अन्य धितोपत्र व्यवसाय गर्न प्राप्त निवेदनहरुको अध्ययन गरी अनुमतिपत्र/दर्ता प्रमाणपत्र प्रदान गर्ने तथा नवीकरण गर्ने, संगठित संस्थाहरुको धितोपत्रहरु दर्ता गर्ने, विवरणपत्र बिक्री प्रस्ताव, हकप्रद सेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण पुस्तिका स्वीकृत गर्ने र विवरण पुस्तिका प्रकाशन गर्न संगठित संस्थाहरुलाई स्वीकृति प्रदान गर्ने, बजार, सूचिकृत कम्पनी, सामुहिक लगानी कोष, निक्षेप सेवा, क्रेडिट रेटिङ्ग एजेन्सी तथा धितोपत्र व्यवसायीको गैरस्थलगत सुपरिवेक्षण गर्ने, धितोपत्र बजारमा कारोवार हुने सूचिकृत कम्पनी, कारोवार रकम, कारोवार हुने धितोपत्र आदि सम्बन्धमा नेपाल स्टक एक्सचेञ्जमा हुने धितोपत्र कारोवारको Real Time Surveillance गर्ने, समग्र धितोपत्र बजारको स्थलगत/गैरस्थलगत सुपरिवेक्षण गर्ने, धितोपत्र सम्बन्धी कानुन समसामयिक बनाउने, प्राप्त गुनासोहरुको संबोधन गर्ने, कानुनी व्यवस्थाहरुको उल्लंघन सम्बन्धमा कानुन प्रवलीकरण गर्ने, धितोपत्रमा लगानी गर्ने लगानीकर्ताहरुको सचेतताको स्तर अभिबृद्धि गर्न देशका विभिन्न स्थानहरुमा लगानीकर्ता प्रशिक्षण तथा अर्न्तकृया कार्यक्रमहरु संचालन गर्ने लगायतका विभिन्न नियमित कार्यहरु सम्पन्न गरेको छ । आर्थिक वर्ष २०७२।७३ मा सम्पन्न प्रमुख कार्यहरु संक्षिप्तमा देहाय अनुसार रहेका छन् ।

## ४.१ अनुमतिपत्र प्रदान तथा नवीकरण

### ४.१.१ नेपाल स्टक एक्सचेन्ज लिमिटेडको अनुमतिपत्र नवीकरण

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्र बजार संचालन नियमावली, २०६४ को व्यवस्था अनुसार नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट अनुमतिपत्र नवीकरणका लागि बोर्डमा निवेदन प्राप्त भएकोमा उक्त लिमिटेडको अनुमतिपत्र नवीकरण गरिएको छ ।

### ४.१.२ केन्द्रीय निक्षेप कम्पनीको अनुमतिपत्र नवीकरण

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ८ को व्यवस्था बमोजिम केन्द्रीय निक्षेप कम्पनी सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट अनुमतिपत्र नवीकरणका लागि बोर्डमा निवेदन प्राप्त भएकोमा उक्त लिमिटेडको अनुमतिपत्र नवीकरण गरिएको छ ।

### ४.१.३ मर्चेन्ट बैंकर अनुमतिपत्र प्रदान, नवीकरण र खारेजी

समीक्षा वर्षमा १६ वटा मर्चेन्ट बैंकरहरूको अनुमतिपत्र नवीकरण गरिएको छ । यस आर्थिक वर्षमा मर्चेण्ट बैंकर अर्न्तगत सेयर रजिष्ट्रेशन र लगानी व्यवस्थापन कार्यको लागि प्रोभिडेन्ट मर्चेन्ट बैंकर लि.लाई अनुमति प्रदान गरिएको छ । यससँगै नेपालमा मर्चेण्ट बैंकरको संख्या १७ वटा पुगेको छ । बोर्डबाट अनुमतिपत्र प्राप्त मर्चेन्ट बैंकर सम्बन्धी विवरण अनुसूची-८ मा प्रस्तुत गरिएको छ ।

### ४.१.४ धितोपत्र दलाल व्यवसायीहरुको अनुमतिपत्र नवीकरण

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को नियम ८ मा रहेको व्यवस्था बमोजिम ५० धितोपत्र दलाल व्यवसायीहरुबाट अनुमतिपत्र नवीकरणका लागि बोर्डमा निवेदन प्राप्त भएकोमा बोर्डले सम्पूर्ण धितोपत्र दलाल व्यवसायीहरुको अनुमतिपत्र नवीकरण गरेको छ । अनुमतिपत्र नवीकरण गरेका धितोपत्र दलाल व्यवसायीहरूको नामावली अनुसूची-९ मा प्रस्तुत गरिएको छ ।

### ४.१.५ निक्षेप सदस्य दर्ता तथा प्रमाणपत्र नवीकरण

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २२ को व्यवस्था बमोजिम ५० निक्षेप सदस्यहरुले दर्ता प्रमाणपत्र नवीकरणका लागि बोर्डमा निवेदन दिएकोले उक्त निक्षेप सदस्यहरुको दर्ता प्रमाणपत्र नवीकरण गरिएको छ । साथै आर्थिक वर्ष २०७२।७३ मा निक्षेप सदस्यको रुपमा कार्य गर्न चाहने थप १६ संगठित संस्थाहरुलाई दर्ता प्रमाणपत्र प्रदान गरिएको छ। यो संख्या अघिल्लो आर्थिक वर्षमा ३७ रहेको थियो। हाल निक्षेप सदस्यको रुपमा कार्य गर्ने संगठित संस्थाहरुको संख्या ६६ पुगेको छ । बोर्डले यस आर्थिक वर्षमा कम्तिमा १० धितोपत्र दलाल व्यवसायीहरुको संयुक्त स्वामित्वमा निक्षेप सदस्य सम्बन्धी संस्था खोल्ने व्यवस्था गरिएअनुसार धितोपत्र दलालहरुको संयुक्त स्वामित्वमा डिपि एण्ड क्लियरिङ्ग हाउस लि. नामक एक निक्षेप सदस्य स्थापना भएको छ। बोर्डबाट निक्षेप सदस्यता प्रमाणपत्र प्राप्त गर्ने संस्थाको विवरण अनुसूची-१० मा प्रस्तुत गरिएको छ।

### ४.१.६ क्रेडिट रेटिङ्ग कम्पनीको अनुमतिपत्र नवीकरण

समीक्षा वर्षमा क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को व्यवस्था बमोजिम स्थापित रेटिङ्ग कम्पनी इक्रा नेपाल लि. लाई क्रेडिट रेटिङ्गको अनुमतिपत्र नवीकरण गरिएको छ।

### ४.१.७ योजना व्यवस्थापक तथा डिपोजिटरीको अनुमतिपत्र नवीकरण

समीक्षाा वर्षमा योजना व्यवस्थापक तथा डिपोजिटरी अर्न्तगत ग्लोबल आइ एम ई म्युचुअल फण्डको योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्न ग्लोबल आइएमइ क्यापिटल लि.लाई अनुमति प्रदान गरिएको छ। साथै सोही अवधीमा ५ योजना व्यवस्थापक र डिपोजिटरी को अनुपतिपत्र नवीकरण गरिएको छ । बोर्डबाट योजना व्यवस्थापक र डिपोजिटरीको सदस्यता प्रमाणपत्र प्राप्त गर्ने संस्थाको विवरण तालिका-८ मा प्रस्तुत गरिएको छ।

**तालिका-८**

**योजना व्यवस्थापक तथा डिपोजिटरी**

| क्र.सं. | योजना व्यवस्थापक तथा डिपोजिटरी |
|---|---|
| १ | नबिल इन्भेष्टमेन्ट बैकिङ्ग लि. |
| २ | सिद्धार्थ क्यापिटल लि. |
| ३ | एनएमबि क्यापिटल लि. |
| ४ | एनआइबिएल क्यापिटल लि. |
| ५ | लक्ष्मी क्यापिटल लि. |
| ६ | ग्लोबल आइएमई क्यापिटल लि. |

## ४.२ कानुनी व्यवस्था, कानुन प्रवलीकरण तथा राय सुझाव

### ४.२.१ कानुनी व्यवस्था

समीक्षा वर्षमा ऐन, नियमावली तथा निर्देशिका मस्यौदा सम्बन्धमा देहाय बमोजिमका कार्यहरु भएका छन्:

- धितोपत्र व्यवसायी (धितोपत्र दलाल, व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को अनुसूची १४ मा धितोपत्र दलालले कारोवार वापत लिन सक्ने सेवा शुल्क संशोधन गर्न अर्थ मन्त्रालयमा स्वीकृतिको लागि पठाइएको छ।
- धितोपत्र सूचीकरण तथा कारोबार नियमावलीको प्रारम्भिक मस्यौदा गरिएको छ।
- संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७३ को प्रारम्भिक मस्यौदा गरिएको छ।
- धितोपत्र खरिद आवेदन रकम रोक्का राख्ने सम्बन्धी निर्देशिका, २०७३ को मस्यौदा सम्पन्न भै

सरोकारवालाको राय परामर्श लिने कार्य भैरहेको छ ।

- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७२ को मस्यौदा बोर्डमा पेश भै बोर्डबाट अन्तिम रुप दिई स्विकृतिको लागि अर्थ मन्त्रालयमा पेश गरिएको छ ।

साथै यस वर्ष बोर्डमा प्राप्त विनियमावली स्वीकृति तथा संशोधन सम्बन्धमामा देहाय बमोजिमका कार्यहरु भएका छन्:

- नेपाल स्टक एक्सचेन्ज लि.को कर्मचारी विनियमावली स्वीकृतिका लागि बोर्डमा प्राप्त भएकोमा समसामयिक सुधार गरी पेश गर्न पठाइएको छ ।
- नेपाल स्टक एक्सचेन्ज लि.बाट स्वीकृतिको लागि प्राप्त धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७२ मा थप सुधार गर्नुपर्ने बिषय स्पष्ट सुधार गरी पुन:पेश गर्न पठाइएको छ ।
- सिडिएस एण्ड क्लियरिङ्ग लि.को प्रबन्धपत्र र नियमावलीमा संचालक समितिको संरचना परिवर्तन गर्न संशोधन स्वीकृतिको लागि प्राप्त भएकोमा विनियमावलीहरुमा पुनरावलोकन भैरहेको छ ।
- सिडिएस एण्ड क्लियरिङ्ग लि.बाट धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ मा सफ्टवेयर, प्रविधिमा सुधार गर्ने र धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ मा कारोवार राफसाफ शुल्क, कारोवारलाई थप व्यवस्थित र सुधार गर्ने सम्बन्धी संशोधन स्वीकृतिको लागि प्राप्त भएकोमा विनियमावलीहरुमा पुनरावलोकन भैरहेको छ ।

### ४.२.२ **कानुन प्रवलीकरण**

आर्थिक वर्ष २०७२।७३ मा बोर्डले कानुन प्रवलीकरणमा विशेष जोड दिँदै देहाय बमोजिमका विभिन्न कार्यहरु गरेको छ ।

- बोर्ड विरुद्द सर्वोच्च अदालतमा १० वटा पुनरावेदन अदालतमा ४ वटा र काठमाण्डौ जिल्ला अदालतमा १ वटा उत्प्रेषणको रिट निवेदन र पुनरावदेनको मुद्दा दायर भएकोमा बोर्डको तर्फबाट प्रतिरक्षा भैरहेकोमा सर्वोच्च अदालतमा २ वटा, पुनरावेदन अदालतमा २ वटा र काठमाण्डौ जिल्ला अदालतबाट १ वटा मुद्दाको फैसला भइसकेको छ । यसरी फैसला भएका मुद्दामा पुनरावेदन अदालतमा दायर भएको पुनरावेदन पत्रमा मात्र शुरु सदर गर्ने फैसला भएको तथा अन्य रिट निवेदनहरु बोर्डको पक्षमा फैसला भएका छन् ।
- आर्थिक वर्ष २०७२।७३ मा बोर्डको हटलाइन र लिखित रुपमा प्राप्त हुन आएका गुनासाहरुमा आवश्यक कारवाही गरी समाधान गरिएको छ ।
- धितोपत्र बजारमा नक्कली शेयरको कारोबार, धितोपत्र व्यवसायीले बोर्डको निर्देशन विपरीत कार्य गरेको र बोर्डमा धितोपत्र दर्ता नगरी सेयर विक्रीको सूचना प्रकाशन गरेको आदि सम्बन्धमा अनुसन्धान तथा जाँचबुझ गरिएको छ ।

### ४.२.३ **राय सुझाव**

समीक्षा वर्षमा बोर्डले धितोपत्र व्यवसायी कम्पनी दर्ता गर्ने सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालयलाई देहाय अनुसार राय प्रतिकृया उपलब्ध गराएको छ:

- कम्पनी रजिष्ट्रारको कार्यालयबाट धितोपत्र व्यवसायी कम्पनी दर्ता गर्ने सम्बन्धमा इच्छुक कम्पनीको प्रबन्धपत्र नियमावलीमा बोर्डको राय प्रतिकृया माग भै आएकोमा यसरी राय प्रतिकृया माग भई आएका विभिन्न कम्पनीका प्रबन्धपत्र र नियमावलीको अध्ययन गरी राय सुझाव उपलब्ध गराइएको छ ।

## ४.३ सुपरिवेक्षण तथा अनुगमन

**प्राथमिक निष्काशनको अनुगमन**

धितोपत्रको सार्वजनिक निष्काशन कार्यको गैर-स्थलगत अनुगमन अर्न्तगत धितोपत्र सम्बन्धी नियमावली तथा निर्देशिकामा भएको व्यवस्था अनुसार समीक्षा वर्षमा बोर्डबाट देहायको विषयमा अनुगमन गरिएको छ :

- आवेदन फाराम संख्या तथा रकम संकलन, विवरण तोकिएको समयभित्र पेश भए/नभएको ।
- संकलन केन्द्रबाट प्राप्त विवरण तथा निष्काशन तथा बिक्री प्रबन्धकबाट बोर्डमा पेश गरिएको पछिल्लो विवरणमा फरक भए/नभएको ।
- बिक्री बन्द भएको १५ दिनभित्रमा ड्राफ्ट सम्बन्धी विवरण बोर्डमा पेश भए/नभएको ।
- संकलित रकम बिक्री बन्द भएपछि तोकिएको समयभित्र तोकिएको समयसम्मका लागि नेपाल राष्ट्र बैंकमा जम्मा गरे/नगरेको ।
- धितोपत्र बाँडफाटको नमूना बाँडफांट गर्नुभन्दा तीन कार्य दिन अघि बोर्डमा पेश गरे/नगरेको ।
- धितोपत्रको बाँडफाट तथा फिर्ता भुक्तानी तोकिएको समयभित्र गरे/नगरेको ।
- संकलित रकम निष्काशन बैंकमा जम्मा गरेको सम्बन्धी विवरण बोर्डमा पेश भए/नभएको ।
- तोकिएको समयभित्र सेयरको सूचीकरणका लागि निवेदन दिए नदिएको ।
- सार्वजनिक निष्काशनमा रकम फिर्ता भुक्तानी गर्दा निष्काशन तथा बिक्री प्रबन्धकले दरखास्तवालाहरुलाई निजले दरखास्त फाराममा उल्लेख गरेको खातामा अनिवार्य रुपमा फिर्ता भुक्तानी गरे नगरेको ।
- दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फाराम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तावालाले आफ्नै एकाउन्ट पेयी चेकमार्फत रकम जम्मा गरे नगरेको ।
- धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरणपत्र, हकप्रद सेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु, विवरण पुस्तिका, बिक्री प्रस्तावहरु लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने गरी त्यस्ता विवरणहरु सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धक तथा निष्काशनकर्ता कम्पनी प्रत्येकको वेबसाइटमा धितोपत्र बिक्री बन्द नभएसम्म राखेको वा नराखेको ।

उपर्युक्त विषयहरुमा बोर्डबाट सार्वजनिक निष्काशन अनुमति पाई निष्काशन गरेका ५५ कम्पनीको गैर-स्थलगत अनुगमन गरिएको छ ।समीक्षा वर्षमा भएका प्राथमिक निष्काशन तालिका-९ मा प्रस्तुत गरिएको छ ।

**तालिका-९**

**आर्थिक वर्ष २०७२।७३ मा गरिएको प्राथमिक निष्काशन**

| क्र.स. | विवरण | स्वीकृत संख्या | जारी संख्या | जारी गरिएको सेयर संख्या | कुल माग गरिएको संख्या | अधिक माग (गुणा बढी) |
|---|---|---|---|---|---|---|
| १ | साधारण सेयर | ९ | ६ | २३,७३२,८८० | ६६९,४५३,३३४ | २८.२१ |
| २ | म्युचुअल फण्ड | १ | १ | १००,०००,००० | १००,०००,००० | – |
| ३ | स्थानीय | ५ | ४ | २,७१६,५८२ | २५,३५०,६९० | ९.३३ |
| ४ | एफपिओ | ३ | ३ | १०,०९४,६६२ | ९०,०८७,३३० | ८.९२ |
| | जम्मा | १८ | १४ | १३६,५४४,१२४ | ८८४,८९१,३५४ | |

**धितोपत्र कारोबारको अनुगमन**

धितोपत्र दोस्रो बजारको कारोबारलाई नियमित र व्यवस्थित गराउन बोर्डबाट नेपाल स्टक एक्सचेन्ज लि. सँग सिधा सम्पर्क स्थापित गरी विद्युतीय माध्यम मार्फत वास्तविक समय सुपरिवेक्षण प्रणाली (Real Time Surveillance System) विकास गरिएको छ । बोर्डबाट नियमित रुपमा कारोबारको अनुगमन तथा सुपरिवेक्षण गर्ने गरिएको छ र कारोबार भैरहेको विवरणको अध्ययन गरी शंकास्पद कारोबार नोट गर्ने तथा आवश्यकता अनुरुप सम्बन्धित धितोपत्र दलाललाई विवरण स्पष्ट गर्न लगाउने गरिएको छ। सो प्रणाली मार्फत बोर्डबाट प्रत्येक दिन धितोपत्र कारोबार गर्ने व्यक्ति तथा संस्था लगायत कारोबार भएको संगठित संस्था, कारोबार मूल्य र सेयर संख्या सम्बन्धमा अनुगमन गर्ने गरिएको छ ।

धितोपत्रको दोस्रो बजार कारोबार अनुगमनका क्रममा दैनिक कारोबार सम्बन्धी संक्षिप्त प्रतिवेदन, साप्ताहिक कारोबारको संक्षिप्त प्रतिवेदन, ब्लक कारोबार सम्बन्धी प्रतिवेदन, साप्ताहिक रुपमा धितोपत्र दलालहरुको कुल कारोबार रकम सम्बन्धी संक्षिप्त विवरण, तीन महिनाभन्दा वढी समयसम्म कारोबार हुन नसकेका धितोपत्रहरुको विवरण, संस्थापक सेयर कारोबारको अभिलेख तयार गर्नुका साथै नियमित रुपमा आवश्यकतानुसार मर्चेन्ट बैंकरहरुले गर्ने कारोबारको अभिलेख तयार गर्ने गरिएको छ ।

**धितोपत्र बजारको विवरण प्रवाहको अनुगमन**

धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ ले धितोपत्र बजारले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र उक्त आर्थिक वर्षको लेखापरीक्षण भएको वित्तीय विवरण र वार्षिक प्रतिवेदन तथा प्रत्येक त्रैमासिक अवधि समाप्त भएको ३० दिनभित्र त्रैमासिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त व्यवस्था अन्तर्गत नेपाल स्टक एक्सचेञ्ज लि.बाट आर्थिक वर्ष २०७१।७२ को वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन बोर्डमा प्राप्त भएका छन् । उक्त लि.ले आर्थिक वर्ष २०७२।७३ को कुनै पनि त्रैमासिक प्रतिवेदन बोर्डमा पेश गरेको छैन ।

**धितोपत्रको केन्द्रीय निक्षेप कम्पनीको विवरण प्रवाहको अनुगमन**

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ मा भएको व्यवस्था अनुसार केन्द्रीय निक्षेप कम्पनीले आफ्नो संचालनको आन्तरिक लेखा परीक्षण गर्ने व्यवस्था मिलाउनु पर्नेछ र सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र बोर्ड समक्ष पेश गर्नुपर्ने, आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र लेखा परीक्षण गराउनु पर्ने, लेखा परीक्षण सम्पन्न भएको एक महिनाभित्र वित्तीय विवरण बोर्ड समक्ष पेश गर्नुपर्ने, आफ्नो वार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको छ महिनाभित्र बोर्ड समक्ष पेश गर्नुपर्ने, वार्षिक साधारण सभा सकिएको ३० दिनभित्र उक्त साधारण सभामा प्रस्तुत बिषय तथा भएका निर्णयसहितको विवरण बोर्डसमक्ष पेश गर्नुपर्ने, त्रैमासिक प्रगति प्रतिवेदन त्रैमासिक अवधि समाप्त भएको ३० दिनभित्र, निक्षेप सदस्यलाई कुनै कारवाही गरेमा त्यस्तो कारवाही गरेको सात दिनभित्र सम्बन्धित निक्षेप सदस्यको नाम, कारवाहीको विवरण तथा कारवाही गर्नु परेको कारणसहितको विवरण र निक्षेप सदस्यको निरीक्षण गरेको अवस्थामा निरीक्षण समाप्त भएको ३० दिनभित्र तत्सम्बन्धी प्रतिवेदन बोर्डसमक्ष पेश गर्नुपर्नेमा समीक्षा वर्षमा सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट आर्थिक वर्ष २०७१।७२ को वित्तीय विवरण तथा आर्थिक वर्ष २०७२।७३ को त्रैमासिक विवरणहरु मात्र बोर्डमा पेश हुन आएको छ ।

**मर्चेन्ट बैंकरको विवरण प्रवाहको अनुगमन**

धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ मा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले गरेको धितोपत्र कारोबारसहित नाफा नोक्सान हिसाव, वासलात तथा नगद प्रवाह विवरण

सहितको वार्षिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नुपर्नेमा सबै मर्चेन्ट बैंकरले आर्थिक वर्ष २०७१।७२ को वार्षिक प्रतिवेदन बोर्डमा पेश गरेका छन् । यस आर्थिक वर्षमा १२ मर्चेन्ट बैंकरले नियमानुसार पेश गर्नुपर्ने अर्धवार्षिक विवरण बोर्डमा पेश गरेका छन् ।

**क्रेडिट रेटिङ्ग कम्पनीको विवरण प्रवाहको अनुगमन**

क्रेडिट रेटिङ्ग नियमावली, २०६८ मा भएको व्यवस्था बमोजिम प्रत्येक क्रेडिट रेटिङ्ग संस्थाले त्रैमासिक अवधि समाप्त भएको ३० दिनभित्र क्रेडिट रेटिङ्गसम्बन्धी विवरणहरु समावेश भएको त्रैमासिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नुपर्नेमा ईक्रा नेपाल लि. बाट आर्थिक वर्ष २०७२।७३ को त्रैमासिक प्रतिवेदनहरु तोकिएको समयमा बोर्डमा पेश भएको छ ।

**सामूहिक लगानी कोषको विवरण प्रवाहको अनुगमन**

सामूहिक लगानी कोष नियमावली, २०६७ मा योजना व्यवस्थापकले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफ्नो तथा योजनाको सो आर्थिक वर्षमा गरेको काम कारवाही सम्बन्धी वार्षिक प्रतिवेदन तथा प्रत्येक योजनाको छुट्टाछुट्टै वार्षिक वित्तीय विवरण कोष सुपरिवेक्षक तथा बोर्डसमक्ष पेश गनुपर्नेछ भन्ने व्यवस्था रहेकोमा समीक्षा वर्षमा सबै ६ योजना व्यवस्थापकबाट नियम अनुसारको विवरण प्राप्त भएको छ ।

**धितोपत्र दलाल व्यवसायीको विवरण प्रवाहको अनुगमन**

धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ मा धितोपत्र दलाल व्यवसायीहरुले आफ्नो धितोपत्र कारोबार लगायत नाफा नोक्सान हिसाव, वासलात, नगद प्रवाह विवरण सहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र बोर्डसमक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा समीक्षा वर्षमा बोर्डबाट अनुमति प्राप्त ४८ धितोपत्र दलाल व्यवसायीहरुले आर्थिक वर्ष २०७१।७२ को वार्षिक विवरण बोर्ड समक्ष पेश गरेका छन् । अघिल्लो आर्थिक वर्षमा ५० वटै धितोपत्र दलाल व्यवसायीहरुले त्यस्तो विवरण बोर्ड समक्ष पेश गरेका थिए ।

धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ मा धितोपत्र दलाल व्यवसायीहरुले प्रत्येक त्रैमासिक अवधि समाप्त भएको ३० दिनभित्र त्रैमासिक प्रतिवेदन बोर्ड समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा आर्थिक वर्ष २०७२।७३ मा ५० वटै धितोपत्र दलाल व्यवसायीहरुले प्रथम, द्वितीय, तृतीय तथा चौथो त्रैमासिक प्रतिवेदनहरु बोर्ड समक्ष पेश गरेका छन् । अघिल्लो आर्थिक वर्षमा ५० वटै धितोपत्र व्यवसायीले प्रथम, द्वितीय, तृतीय तथा चौथो त्रैमासिक प्रतिवेदनहरु बोर्ड समक्ष पेश गरेका थिए ।

**सूचिकृत संगठित संस्थाहरुको विवरण प्रवाहको अनुगमन**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को नियम २२ को उपनियम (१) बमोजिम बोर्डमा धितोपत्र दर्ता गरेका संगठित संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले पाँच महिनाभित्र वार्षिक प्रतिवेदन बोर्डसमक्ष पेश गर्नु पर्ने व्यवस्था बमोजिम समीक्षा वर्षमा सूचिकृत २२९ संगठित संस्थाहरुमध्ये १८ सूचिकृत संगठित संस्थाले तोकिएको समयमा तथा १०३ संगठित संस्थाहरुले ढिलो गरी आर्थिक वर्ष २०७१।७२ को बार्षिक प्रतिवेदन बोर्डमा पेश गरेका छन् । यसरी बोर्डमा विवरण पेश गर्ने सूचिकृत संगठित संस्थाहरुको संख्या १२१ रहेको छ । गत आर्थिक वर्षमा सूचिकृत २३२ संगठित संस्थाहरुमध्ये ६२ सूचिकृत संगठित संस्थाले तोकिएको समयमा तथा ९९ संगठित संस्थाहरुले ढिलो गरी आर्थिक वर्ष २०७१।७२ को बार्षिक प्रतिवेदन बोर्डमा पेश गरेका थिए ।

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को नियम २२ को उपनियम (२) बमोजिम बोर्डमा पेश गर्नुपर्ने त्रैमासिक विवरण प्रवाहतर्फ आ.व. २०७२।७३ मा ६४ संगठित संस्थाहरुले प्रथम त्रैमासिक विवरण, १६१ संगठित संस्थाहरुले दोस्रो त्रैमासिक विवरण, १५६ संगठित संस्थाहरुले तेस्रो त्रैमासिक विवरण र १३५ संगठित संस्थाहरुले चौथो त्रैमासिक विवरण बोर्डमा पेश गरेका छन् । सूचिकृत संगठित संस्थाहरुको विवरण प्रवाहको विस्तृत विवरण तालिका-१० मा प्रस्तुत गरिएको छ ।

**तालिका-१०**

**सूचिकृत संगठित संस्थाहरुको विवरण प्रवाह**

| विवरण | आ.व. २०६९।७० | आ.व. २०७०।७१ | आ.व. २०७१।७२ |
|---|---|---|---|
| पहिलो त्रैमासिक | १४२ | १६८ | १७७ |
| दोस्रो त्रैमासिक | १६६ | १८१ | १७५ |
| तेस्रो त्रैमासिक | १६६ | १८२ | १७५ |
| चौथो त्रैमासिक | १५५ | १६३ | १६२ |
| वार्षिक प्रतिवेदन | १६८ | १२१ | १२१ |

बोर्डले ऐन नियम अनुसार बोर्डमा पेश गर्नुपर्ने वार्षिक प्रतिवेदन वा वित्तीय विवरण तथा अन्य विवरणहरु पेश गर्ने तथा नगर्ने सबै सूचिकृत संगठित संस्थाहरुको विवरण तयार गर्ने गरेको छ । साथै नियमानुसार समयमा विवरण पेश नगर्ने सूचिकृत संस्थाहरुलाई विवरण पेश गर्नका लागि सचेत गराइएको छ ।

### सूचिकृत संस्थाहरुको वार्षिक साधारण सभा

सूचिकृत संगठित संस्थाहरुले आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र वार्षिक साधारण सभा गराउनुपर्ने व्यवस्था रहेको छ । सूचिकृत संगठित संस्थाहरुले आर्थिक वर्ष २०७१।७२ को वार्षिक साधारण सभा गर्दा ११८ सूचिकृत संगठित संस्थाहरुले साधारण सभा हुनु अघि बोर्डमा जानकारी गराएको र ११६ वटा सूचिकृत संगठित संस्थाहरुले साधारण सभा सम्पन्न भइसकेपछि बोर्डमा जानकारी गराएका छन् ।

### ४.४ लगानीकर्ता प्रशिक्षण तथा तालिम कार्यक्रम

समीक्षा अवधिमा देशका बिभिन्न स्थानहरुमा स्थानीय उद्योग वाणिज्य संघ, शैक्षिक संस्था, सामाजिक संघ संस्थाहरुसँग सहकार्य गरी आठ पुँजीबजार सम्बन्धी जनचेतना अभिबृद्धि तथा लगानीकर्ता प्रशिक्षण कार्यक्रम सञ्चालन गरी करीब १,५०० स्थानीय लगानीकर्ता, उद्योगी व्यवसायी, प्राध्यापक तथा बिद्यार्थीहरुलाई पुँजी बजारका विविध पक्षहरुको बारेमा जानकारी प्रदान गरिएको छ । समीक्षा वर्षमा विभिन्न स्थानहरुमा सम्पन्न भएका कार्यक्रमहरुको विस्तृत विवरणहरु तालिका-११ मा प्रस्तुत गरिएको छ ।

**तालिका-११**

**लगानीकर्ता प्रशिक्षण**

| मिति | सहकार्य गरिएका संस्था | लक्षित समूह |
|---|---|---|
| २०७२।०९।२७ | यूनिग्लोव कलेज, नंयावानेश्वर, काठमाडौं । | विद्यार्थीहरु |
| २०७२।१०।२० | यूनिभर्सल कलेज, मैतिदेवि, काठमाडौ । | विद्यार्थीहरु |
| २०७२।११।१० | ह्वाइट हाउस कलेज, वानेश्वर, काठमाडौं । | विद्यार्थीहरु तथा प्राध्यापकहरु |
| २०७३।०२।०७ | अपोलो इन्टरनेशनल कलेज, नयाँ वानेश्वर । | विद्यार्थीहरु तथा प्राध्यापकहरु |
| २०७३।०३।२५ | ज्ञानविकास सामूदायिक पुस्तकालय, पनौती नेपाल (गैर सरकारी संस्था) तथा इन्द्रेश्वर वचत तथा ऋण सहकारी संस्था लि., पनौती, काभ्रे । | सर्वसाधारण लगानीकर्ता, उद्योगी तथा व्यवसायीहरु |
| २०७३।०३।२६ | तेजगंगा क्याम्पस तथा इन्द्रेश्वर वहुमुखी क्याम्पस, पनौती, काभ्रे । | विद्यार्थीहरु तथा प्राध्यापकहरु |
| २०७३।०३।२९ | मिराकल एजुकेशन फाउन्डेशन प्रा.लि. तथा उद्योग वाणिज्य संघ वालिङ्ग, स्याङ्जा । | सर्वसाधारण लगानीकर्ता, उद्योगी तथा व्यवसायीहरु |
| २०७३।०३।३० | स्याङ्जा उद्योग बाणिज्य संघ गल्याङ्ग इकाई, स्याङ्जा । | सर्वसाधारण लगानीकर्ता, उद्योगी तथा व्यवसायीहरु |

### ४.५ छलफल तथा अर्न्तकृया कार्यक्रम

पुँजी बजारको दिगो एवं विश्वसनीय विकासका लागि यस क्षेत्रका सम्बद्धपक्ष अर्थ मन्त्रालय, नेपाल स्टक एक्सचेञ्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि., इक्रा नेपाल लि., नागरिक लगानी कोष, धितोपत्र व्यवसायीहरु, लगानीकर्ता संघहरु, लगानीकर्ताहरु तथा पत्रकाहरुसँग समीक्षा अवधिमा विभिन्न बिषयमा छलफल तथा अर्न्तकृया कार्यक्रमहरु संचालन गरिएको छ । समीक्षा वर्षमा सम्पन्न भएका छलफल तथा अर्न्तकृया कार्यक्रमहरु सम्बन्धी विवरण तालिका-१२ मा प्रस्तुत गरिएको छ ।

**तालिका-१२**

**अर्न्तकृया कार्यक्रम**

| मिति | कार्यक्रमको बिषय | सहभागी |
|---|---|---|
| २०७२।१०।२४ | सेयर रजिष्ट्रेशन सेवामा सुधार | सेयर रजिष्ट्रेशन सेवा प्रदायक संस्थाका प्रतिनिधिहरु |
| २०७३।०१।२५ | पुँजी बजार सुधारका चुनौतीहरु र वित्त नीति (Capital Markets Reform Challenges and Fiscal Policy) | पुँजीबजारका सरोकारवालाहरु |
| २०७३।०२।२९ | Media Training on Capital Market Reporting | आर्थिक पत्रकार तथा पुँजीबजारका सरोकारवालाहरु |
| २०७३।०३।२८ | आर्थिक बर्ष २०७३।७४ को लागि पुँजीबजार सम्बन्धी नीति तथा कार्यक्रम | पुँजीबजारका सरोकारवालाहरु |

### ४.६ तालिम तथा सेमिनार

बोर्डले आर्थिक वर्ष २०७२।७३ मा स्थायी नियुक्ति भएका नवनियुक्त कर्मचारीहरुलाई पुँजी बजार तथा नियमन सम्बन्धमा अभिमुखिकरण गर्नको लागि नेपाल सरकार, अर्थ मन्त्रालय, बोर्डका पदाधिकारीहरु, नेपाल प्रशासनीक

प्रशिक्षण प्रतिष्ठान र पुँजी बजारका सम्बद्ध विज्ञहरुबाट ५ दिने पूर्व सेवा तालिम प्रदान गरेको छ । त्यस्तै बोर्डले बोर्डमा कार्यरत जनशक्तिको क्षमता अभिबृद्धिका लागि बोर्ड सदस्य, उच्च व्यवस्थापन तथा विभिन्न कर्मचारीहरुलाई APEC FRT 1 Regional Seminar on Enforcement including Cross Boarder, ANNA visit on Market Maker, Financial Education, Anti-Money Laundering, Program on Public Private Partnership under Capital Market Infrastructure Capacity Support Project, Regional Seminar on Capital Planning and Stress Testing, Observation visit to Bombay Stock Exchange, National Stock Exchange, Securities and Exhange Board India, National Securities Depository Limited, Central Depository Services Limited, National Institute of Securities Markets, Regional Seminar on Technology Risk Supervision, International Institute for Compliance and Examination, Observation visit to Bangaladesh लगायतका विभिन्न २५ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आयोजित सेमिनार तथा तालिम कार्यक्रममा सहभागी गराएको छ । साथै कानुन प्रवलीकरण, वित्तीय साक्षरता, सुपरिवेक्षण, नियम पालना तथा अनुगमन जस्ता विषय वस्तुहरुमा समेत अन्तराष्ट्रिय स्तरमा आयोजित कार्यक्रममा बोर्डका पदाधिकारी तथा कर्मचारीहरुलाई सहभागी गराइएको छ ।

### ४.७ प्रकाशन तथा सूचना प्रवाह

#### धितोपत्र तथ्याङ्क व्यवस्थापन प्रणाली

सूचिकृत कम्पनीहरुको बार्षिक प्रतिवेदनमा समावेश विगत १८ बर्षअघि देखिका तथ्यांकहरु तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रका पुँजी बजार तथा अर्थतन्त्रसँग सम्बन्धित तथ्यांकहरु संकलन गरी धितोपत्र केन्द्रीय तथ्याङ्क बैंक स्थापना गरिएकोमा उक्त प्रणालीमा रहेका विवरणहरु अध्यावधिक गरी सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइएको छ । यस प्रणालीबाट धितोपत्र बजारमा लगानी गर्न चाहने सर्वसाधारण लगानीकर्ताहरुले आफूले लगानी गर्न चाहेको सूचिकृत संगठित संस्थाहरुको वित्तीय विवरण प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ । यस व्यवस्थाबाट पुँजी बजार सम्बन्धी अध्ययन तथा अनुसन्धानकर्ताहरुलाई समेत आवश्यक तथ्यांक तथा जानकारी उपलब्ध हुने गरेको छ ।

#### वार्षिक प्रतिवेदन

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा २६ ले गरेको व्यवस्था अनुसार धितोपत्र बजारमा भएका कामकारवाही, गतिविधि र बजार विकासका लागि भएका प्रयासहरु समावेश गरी बोर्डले आर्थिक वर्ष २०७१।७२ को वार्षिक प्रतिवेदन प्रकाशन गरेको छ ।

#### सचेतनामूलक सामाग्रीहरु

धितोपत्रमा लगानी गर्दा के के बिषयहरुमा ध्यान दिनु पर्छ भन्ने सम्बन्धमा लगानीकर्तालाई जानकारी दिनुका साथै सचेत गराउने उद्देश्यले धितोपत्रमा लगानी गर्दा ध्यान दिनुपर्ने कुराहरु समेटी बोर्डले पर्चा, पम्पलेट प्रकाशन गरी वितरण गरेको छ । साथै, बोर्डको वेबसाइट, बिभिन्न राष्ट्रिय पत्रपत्रिका, टेलिभिजन लगायतका सञ्चार माध्यममार्फत सचेतनामुलक सामाग्रीहरु प्रकाशन तथा प्रशारण गर्ने कार्यलाई बोर्डले निरन्तरता दिएको छ । त्यस्तै, बोर्डले सर्वसाधरण एवं लगानीकर्ताको धितोपत्र बजार सम्बन्धी जिज्ञासालाई समाधान गर्न धितोपत्र बजारमा बारम्बार सोधिने प्रश्नहरुको सँगालो तथा धितोपत्र बजारमा बारम्बार प्रयोग हुने शब्दहरुलाई समेटेर धितोपत्र बजार शब्दावली पुस्तिका प्रकाशन गरी वितरण गरेको छ ।

#### कानुन संग्रह

धितोपत्र सम्बन्धी ऐन, नियमावली तथा निर्देशिकाहरु समावेश गरी बोर्डबाट प्रकाशित धितोपत्र सम्बन्धी कानुन संग्रह सरोकारवालाहरुलाई वितरण गरिएको छ ।

**वेबसाइट**

धितोपत्र बजारका विविध पक्षहरु सम्बन्धमा सम्वद्ध पक्षहरुलाई निरन्तर रुपमा जानकारी उपलब्ध गराउने उद्देश्यले धितोपत्र बजारसँग सम्बन्धित ऐन, नियम तथा निर्देशिकाहरु, बोर्डको परिचय, बोर्डको वार्षिक प्रतिवेदन र बोर्डमा गुनासो दिने ढाँचाका साथै सरोकारवाला तथा लगानीकर्ताहरुका लागि जानकारी, सूचना तथा चेतनामूलक सामाग्रीहरु समावेश गरी बोर्डले तयार गरेको वेवसाइटलाई अझ विस्तृत बनाएको छ । बोर्डले धितोपत्र बजार, धितोपत्र व्यवसायी तथा सूचीकृत संगठित संस्थाहरुको ऐन नियमको पालनाको स्थिति सम्बन्धी विवरण एवं विस्तृत जानकारी समेत वेबसाइटमा समावेश गरेको छ ।

**हटलाइन टेलिफोनको व्यवस्था**

धितोपत्र बजारका लगानीकर्ताहरुको समस्या, गुनासा, सल्लाह र सुझाव सहज रुपमा प्राप्त गर्न सकियोस भन्ने उद्देश्यले गत आर्थिक वर्ष २०७०।७१ देखि नि:शुल्क हटलाईन फोनको व्यवस्था गरिएकोमा समीक्षा वर्षमा त्यसलाई अझ प्रभावकारी बनाइएकोछ । बोर्डको हटलाइन नं १६६०-०१-४४४३३ रहेको छ ।

**४.८ अध्ययन तथा अनुसन्धान**

पुँजी बजारको विकास तथा विस्तारको लागि अध्ययन तथा अनुसन्धानमा आधारित नीति निर्माण तथा निर्देशन जारी गरिनुपर्ने आवश्यकता रहेको सन्दर्भमा समीक्षा वर्षमा बोर्डको सकृयतामा देहाय बमोजिमका अध्ययन तथा अनुसन्धान कार्यहरु भएका छन्:

- धितोपत्र व्यवसायीको क्षमता विकास गर्ने सम्बन्धमा अध्ययन गरी सो अध्ययनको आधारमा व्यवसायिक क्षमता विकास कार्यक्रम सम्बन्धी निर्देशिकाको मस्यौदा तयार गरी यस सम्बन्धमा बोर्डबाट हुनुपर्ने नीतिगत निर्णयको लागि सिफारिस पेश गरिएको छ ।
- पुंजीबजार प्रशिक्षण प्रतिष्ठान (Capital Market Institute) को स्थापना तथा स्वतन्त्र मूल्य निर्धारण गर्ने सम्बन्धमा प्रारम्भिक अध्ययनको लागि आवश्यक सामाग्रीहरु संकलन तथा बाह्य निकाय National Institute of Securities Markets (NISM) सँग छलफल गरिएको छ ।
- नेपाल सरकार, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोगबाट माग भए बमोजिम १४ औं योजनाको अवधारणा र विस्तृत योजनाको सम्बन्धमा पुँजी बजार सम्बन्धी योजना तथा कार्यक्रम पेश गरिएको छ ।
- आर्थिक वर्ष २०७३।७४ को बजेट वक्तव्य, आर्थिक वर्ष २०७२।७३ को आर्थिक सर्वेक्षण तथा अन्य प्रयोजनको लागि माग भए बमोजिम धितोपत्र बजारसम्बन्धी तथ्याङ्क तथा जानकारीहरु पेश गरिएको छ ।

# भाग ५

# धितोपत्र बजार सुधार तथा विकासका पहल र चुनौतीहरु

## ५.१ सुधार तथा विकासका पहलहरु

नेपालको धितोपत्र बजार पूर्वउदीयमान अवस्थामा नै रहेको सन्दर्भमा बोर्डले धितोपत्र बजारको विकास गरी देशको आर्थिक विकासको लागि आवश्यक पुँजी परिचालनमा सहयोग पुऱ्याउन, धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्न र धितोपत्रको निष्काशन, बिक्री तथा विनिमयलाई व्यवस्थित बनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरुको काम कारबाहीलाई नियमित तथा व्यवस्थित गर्न विभिन्न पहलहरु गर्दै आइरहेको छ । यसै क्रममा समीक्षा वर्षमा बोर्डको अग्रसरतामा धितोपत्र बजारमा भएका विभिन्न विकासात्मक कार्य तथा जारी गरिएका निर्देशनहरु देहाय बमोजिम रहेका छन्:

- नेपालमा धितोपत्रको कारोवार प्रणली यसअघि नै स्वचालित भइसकेकोमा विद्युतीय नामसारी र राफसाफ सेवाको पूर्ण स्वचालित संचालनको लागि २०७२ माघदेखि सम्पूर्ण सूचिकृत कम्पनीहरुको अभौतिकृत धितोपत्रको मात्र कारोवार हुने गरी पूर्ण स्वचालित सेवा (Full Automation) अर्थात कारोवार, नामसारी र राफसाफको स्वचालित संचालन व्यवस्था गरिएको छ । यो व्यवस्था कार्यान्वयन भएसँगै नेपालको धितोपत्र बजार दक्षिण एशियाका अन्य देशको धितोपत्र बजार सरह नै आधुनिकीकरणको चरणमा प्रवेश गरेको छ ।
- धितोपत्र बजारमा स्थायित्व कायम गर्ने उद्देश्यले नागरिक लगानी कोषलाई संस्थागत लगानीकर्ताको रुपमा दोस्रो बजारमा सहभागिता गराउने सन्दर्भमा समीक्षा वर्षमा प्राविधिक पक्षको अध्ययन कार्य सम्पन्न भएको छ ।
- समीक्षा वर्षमा सम्पूर्ण लगानीकर्ताहरुलाई धितोपत्रको माग तथा आपूर्तिको जानकारी लिन सक्ने गरी बजारको गहिराई (Market Depth) हेर्ने व्यवस्था गरिएको छ ।
- दक्षिण एशियामा नै उच्च रहेको नेपालको धितोपत्र कारोवारमा लाग्ने दलाल व्यवसायी शुल्कलाई समसामयिक बनाउन धितोपत्र व्यवसायी (धितोपत्र दलाल, व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को संसोधन मस्यौदा तयार गरी स्वीकृतिको लागि समीक्षा वर्षमा पेश गरिएको छ ।
- बजारमा देखिएको धितोपत्र निक्षेप व्यवसायी सेवाको बढ्दो माग तथा संचालनमा रहेका निक्षेप सदस्य कम्पनीको सिमित क्षमता तथा प्रविधिलाई दृष्टिगत गरी निक्षेप सदस्यता सम्बन्धी कार्यमा विशिष्टिकरण गराउने उद्देश्य लिई कम्तिमा १० धितोपत्र दलाल व्यवसायीहरु मिलेर एक निक्षेप सदस्यता सम्बन्धी कार्य मात्र गर्ने गरी सदस्य कम्पनी खोल्न सक्ने व्यवस्था गरेको छ ।
- समीक्षा वर्षमा धितोपत्र निष्काशनमा स्वतन्त्र मूल्य निर्धारण गर्न तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थाले स्थानीय मुद्रामा ऋणपत्र जारी गर्न आवश्यक व्यवस्था गर्न धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ मा आवश्यक संशोधन मस्यौदा तयार गरी स्वीकृतिका लागि पेश गरिएको छ ।
- सूचिकृत संगठित संस्थाहरुले आफ्नो मूल्य संवेदनशील सूचनाहरु नेपाल स्टक एक्सचेन्ज लि.लाई तत्काल उपलब्ध गराउनुपर्ने र उक्त लि.ले त्यसरी प्रवाह हुने सूचना प्रमाणित गरी एउटै Standard Format मा लगानीकर्ताहरुले सहज रुपमा हेर्न पाउने व्यवस्था गर्न निर्देशन दिइएको छ ।
- समीक्षा वर्षमा धितोपत्र व्यवसायीको सेवामा सुधार तथा कार्य क्षेत्र विस्तारका लागि विभिन्न धितोपत्र व्यवसायीहरुलाई बोर्डको समन्वयमा भारत, बंगलादेश तथा मलेशियाको पुँजी बजारको अध्ययन भ्रमण गराइएको छ । साथै, धितोपत्र व्यवसायीको क्षमता विकास सम्बन्धमा अध्ययन गरी सो अध्ययनको आधारमा "निरन्तर व्यवसायिकता विकास" कार्यक्रमसम्बन्धी निर्देशिकाको मस्यौदा तयार गरिएको छ ।
- धितोपत्र बजार सम्बद्धपक्ष अर्थ मन्त्रालय, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि.,

लगानीकर्ताहरु लगायत अन्य सरोकारवाला निकायहरुको सहभागितामा ४ छुट्टाछुट्टै अर्न्तकृया कार्यक्रम सम्पन्न गरी अर्न्तकृयाबाट प्राप्त उपयुक्त सुझावको आधारमा धितोपत्र बजार विकासको लागि कदम चाल्ने, लगानीकर्ताको यथार्थपरक गुनासोहरुको उपयुक्त व्यवस्थापन गर्ने लगायतका महत्वपूर्ण कार्यहरु विशेष प्राथमिकता सहित समीक्षा वर्षमा सम्पन्न गरिएको छ ।

- समीक्षा वर्षको माघदेखि धितोपत्रको अभौतिक रुपमा मात्र कारोवार भैरहेको अवस्थामा लगानीकर्ताको थप सहजताको लागि सूचिकृत कम्पनीहरुले प्रदान गर्ने हकप्रद तथा बोनस सेयर अभौतिक रुपमा लगानीकर्ताको डिम्याट खातामा प्रदान गर्ने व्यवस्था गर्न सूचिकृत कम्पनी तथा मर्चेन्ट बैंकरहरुलाई निर्देशन दिइएको छ । साथै, सूचिकृत संगठित संस्थाहरुले सेयरधनीहरुलाई दिने नगद लाभांश तथा सार्वजनिक निष्काशनमा नपरेको वा बढी भएको रकम सम्बन्धित सेयरधनीहरुको नेपाल क्लियरिङ हाउसको सदस्य भएको बैंक तथा वित्तीय संस्थामा रहेको खातामा समेत राख्न सकिने व्यवस्था गर्न सूचिकृत संगठित संस्थाहरुलाई निर्देशन दिइएको छ ।
- तेस्रो व्यक्तिको प्रयोगलाई निरुत्साहित गरी वास्तविक लगानीकर्ताहरुले बजारबाट फाइदा लिन सकुन भन्ने उद्देश्यले दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फाराम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तावालाले आफ्नै एकाउन्ट पेयी चेक मार्फत रकम जम्मा गरेको हुनुपर्ने व्यवस्था गर्न, धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरणपत्र, हकप्रद सेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु, विवरण पुस्तिका, बिक्री प्रस्तावहरु लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सुसूचित निर्णयमा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु सम्बन्धित निष्काशन तथा बिक्री प्रबन्धक तथा निष्काशनकर्ता कम्पनी र बोर्डको वेबसाइटमा धितोपत्र बिक्री बन्द नभएसम्म राख्ने व्यवस्था गर्न निर्देशन दिइएको छ ।
- २०७३ श्रावण १ गतेदेखि काठमाडौं उपत्यका र २०७३ माघ १ गतेदेखि काठमाडौं उपत्यका बाहिरबाट समेत सार्वजनिक निष्काशनमा दरखास्त दिने दरखास्तवालाहरुले आफ्नो डिम्याट खाता दरखास्त फाराममा अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने तथा सोही खातामा बाँडफाँट भएको सेयर जम्मा गर्नुपर्ने व्यवस्था गर्न सम्पूर्ण मर्चेन्ट बैंकरहरुलाई निर्देशन दिइएको छ ।
- विश्व पुँजी बजारमा अत्याधुनिक प्रणालीहरु प्रचलनमा आइसकेको अवस्थामा Cross Border Listing and Trading को व्यवस्था गर्न, गैर आवासीय नेपाली तथा विदेशी लगानीकर्ताहरुलाई प्रवेश गराउने विश्वसनीय वातावरण बनाउनको लागि धितोपत्र बजारको कारोवार प्रणालीलाई अन्तर्राष्ट्रिय कारोवार प्रणालीको स्तर अनुरुप (Compatible) हुने र Tested System भित्राउनेतर्फ पहल गर्न बोर्डले समीक्षा वर्षमा नेपाल स्टक एक्सचेन्ज लि.लाई निर्देशन दिएको छ ।
- धितोपत्र कारोवारको राफसाफ तथा फछ्र्यौट कार्यलाई व्यवस्थित गर्न तथा लगानीकर्ताहरुको धितोपत्र कारोवारमा विश्वसनीयता अभिबृद्धि गर्न धितोपत्र कारोवार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ को विनियम ४६ बमोजिम कारोवार भुक्तानी सुनिश्चित कोष (Settlement Guarantee Fund) संचालन गर्नका लागि आवश्यक कार्यविधि तयार गरी बोर्डमा पेश गर्न सिडिएस एण्ड क्लियरिङ्ग लि.लाई निर्देशन दिइएको छ ।
- साविकको धितोपत्र सूचिकरण विनियमावली, २०५३ लागू भएयता लामो समय अन्तराल भई धितोपत्र सम्बन्धी ऐन, २०६३ लागू हुनुको साथै सूचिकृत संगठित संस्थाहरुको पुँजी आधारमा धेरै गुणा बृद्धि भएको, धितोपत्र कारोवार पूर्ण स्वचालित भैसकेको पृष्ठभूमिमा विद्यमान धितोपत्र सूचिकरण सम्बन्धी व्यवस्थाहरुमा समयसापेक्ष सुधार गरी परिवर्तन गर्न अत्यावश्यक भएकोले यथाशिघ्र सूचिकरण सम्बन्धी छुट्टै विनियमावली तयार गरी पेश गर्न नेपाल स्टक एक्सचेन्ज लि.लाई निर्देशन दिइएको छ ।

